# प्रिय इन्दिरा

(नियात्राचिठी)

नइ प्रकाशन

# प्रिय इन्दिरा

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
आवरण चित्र : नइ प्रसाई
चित्रकार : कृष्णगोपाल श्रेष्ठ
शुद्धाशुद्धि : कुमारधर शर्मा 'ज्ञानी' तथा लवप्रसाद भण्डारी
प्रथम संस्करण : २०६२ साल
नइ प्रकाशनबाट प्रथम संस्करण : २०७८ साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १५९
मोल : दुई सय रुपियाँ
© सुरक्षित, २०७८ साल (2021)
ISBN : 978-9937-509-93-0
**Priya Indira**
Travelogue : A Latter by Narendra Raj Prasai

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशन नाफाविहीन, सेवामुखी र गैरराजनैतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप

विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको साहित्यिक यात्रा कविता, निबन्ध र जीवनी लेखनबाट सुरु भएको थियो । उनी सिर्जना र सङ्गठनमा पोख्त मानिन्छन् । नेपाली भाषासाहित्यमा उनको कृत्य सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्यमा झन्नै उस्तैउस्तै मानिन्छ । प्रसाईको सिर्जनात्मक कार्यमध्ये निबन्धलेखनलाई पनि प्रमुख रूपमा नै लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे छ दर्जनभन्दा बढी कृतिमध्ये एक दर्जनभन्दा बढी निबन्ध र प्रबन्धकृति प्रकाशित भइसकेका छन् भने सात सयवटाभन्दा बढी फुटकर लेख, रचना र जीवनी प्रकाशनमा आइसकेका छन् ।

'प्रिय इन्दिरा'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि गौरवको अवसर हो ।

• नइ प्रकाशन

# मेरो भन्नु

मेरा भान्जा अर्जुन सिटौला एसएलसी पास गरेर झापाबाट सरासर नइगृहमा आए । अनि यतै बसेर उनले पढेका थिए । उनी मेरी दिदी नीरा र भिनाजु नीलकृष्ण सिटौलाका छोरा हुन् । तिनै मेरा पूज्य दिदीभिनाजुका कारण आज म यसरी यस धर्तीमा उभिएको पनि छु । यदि मउपर दिदीभिनाजुको माया, समर्पण र योगदान नभएको भए म आज गाउँमा नै किसानका रूपमा सीमित हुने थिएँ या राजनीतिमा सक्रिय हुने थिएँ, थाहा छैन तर मेरो यही साहित्यिक अवस्थामा रहनुमा नै मलाई गौरवीबोध छ ।

मेरा भान्जा अर्जुन सिटौला हाम्रो परिवारकै विश्वासपात्र थिए । उनी केवल भान्जा मात्र नभएर नइपरिवारकै हर्ताकर्ता सदस्य पनि थिए । उनी र नइ झन्नै नङमासुकै सम्बन्धमा थियौँ । त्यति मात्र नभएर नइका कृतिहरूको बजार व्यवस्थापन पनि भान्जाले नै गर्थे साथै स्कुल कलेजहरूमा समेत उनैले हाम्रा कृति लगेर बेच्ने पनि गर्थे । नइ प्रकाशनमा काम गर्दै जाँदा उनलाई पनि प्रकाशन गर्ने रसले छोएछ, अनि उनी प्रकाशक पनि भए ।

म नेपालबाहिर गएको अवस्थामा मेरा भान्जाले मेरो डायरी पढेछन् । अनि उनले मलाई फोनैमा भनेका थिए– ‘मामा ! मामाको डायरीमा प्रिय इन्दिरा’ भन्ने चिठीहरूको सँगालो रहेछ; छापौँ न !’ त्यति बेला भान्जालाई मैले उत्तर दिएको थिएँ– ‘भान्जा ! अहिले हतार नगर न ! त्यो डायरीमा भएका बेहोराहरू फेरबदल गर्नुपर्ने

छ ।' उनले फेरि भने– 'मामाले लेखेको कुरा जस्ताको तस्तै छाप्छु; म नै प्रकाशक हुन्छु । यस किताबका कारण मामालाई म आर्थिक भार पार्दिनँ र म पनि नाफा कमाउँछु । बरु मामाले मन पराएकै प्रुफरिडर कुमारधर शर्मा 'ज्ञानी'लाई नै यस कृतिको शुद्धाशुद्धिको जिम्मा पनि दिन्छु ।' अनि मैले निष्कर्ष दिँदै मेरा भान्जालाई भनेको थिएँ– 'पख न भान्जा ! म आएपछि यो डायरी छापौँला । यदि मैले यो डायरी छापेँ भने म तिमीलाई नै दिन्छु नि; तिमी नै छापौला नि !'

म काठमाडौँ आउँदा त भान्जाले मेरो 'प्रिय इन्दिरा' किताब नै छापिसकेका रहेछन् । किताबको आवरणसज्जा पनि फोटोकवि कुमार आलेसँग तस्बिर लिएर उनकी माइजू इन्दिरालाई देखाएर छापेका रहेछन् । उनकी माइजूले पनि उनलाई भनिछिन्– 'भान्जाबाबू ! मामा आएपछि छाप्ता हुँदैन र ! अनि उनले जबाफ दिएका थिए रे– 'होइन माइजू ! मामाको मनसायअनुसार नै म यो किताब छाप्दै छु । कभरचाहिँ कस्तो राम्रो छ; हेर्नु नि !'

बाहिर झलक्कै हेर्दा किताब मलाई पनि मन पऱ्यो । भित्रतिर चाहिँ राम्रो, नराम्रो जेजस्तो छापे तापनि अर्जुनले मेरो 'प्रिय इन्दिरा'नामक नियात्रापत्रको प्रकाशकमा आफ्नै नाउँ राखेर छपाइसकेछन् । मेरो डायरीमा रातो मसीले गोलो पारेका कुरा पनि उनले छाप्न भ्याएछन् । ठाउँठाउँमा कुमारधर शर्मा 'ज्ञानी'का व्याकरण पनि मेरो यस कृतिमा प्रयोगमा आएछन् । मेरा पछिल्ला कृतिहरूमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको 'नेपाली बृहत् शब्दकोश'का आधारमा शुद्धाशुद्धि हुन्थ्यो । 'प्रिय इन्दिरा'मा चाहिँ मेरो व्याकरण कतैकतै 'ज्ञानी' दाइले नै खुस्काएछन् । मेरो लेखनका हरेक पूर्ण विरामभित्र 'कर्म, कर्ता र क्रिया' हुनै पर्थ्यो; तर यस कृतिको प्रथम संस्करणमा यस्तो नियम पनि पालन भएको देखिएन । कतिसम्म भने 'प्रिय इन्दिरा'मा मेरो भूमिका राख्नसमेत भान्जाले मलाई कुर्न सकेन छन् । भनौँ, उनले मेरो डायरी जस्ताको तस्तै छापेछन् । ईश्वर बराल, वासुदेव त्रिपाठी,

तारानाथ शर्मालाई गुरु थापेर मैले लेख्ने व्याकरणलाई कुमारधर शर्मा 'ज्ञानी'कै पारामा केही ठाउँमा रूपान्तर गराउनसमेत अर्जुन भान्जा सफल भएछन् । मेरा भान्जालाई यसको प्रकाशन गर्ने हतारो भएको चुरो पनि मैले पत्तो लगाएँ, कुरा के हो भने यस कृतिमा उनका बुबाआमा अर्थात् मेरा भिनाजु र दिदीको मैले बयान गरेको थिएँ । किताब त छापियो नै ! हेरेपछि यसबारे मेरो केही उपाय थिएन; त्यसैले किताब हेरेर पनि म मौन नै बसेँ । किनभने मेरा भान्जाबाबूले मोल राखेर किताब बजारमा पनि पुऱ्याउन भ्याइसकेका रहेछन् । केही उपाय नै नलागेपछि 'यदि दोस्रो संस्करण छापेपछि परिमार्जन गरौँला' भनेर मैले पनि चुपचाप बस्नैपर्ने भयो र मैले त्यसै गरेँ ।

'प्रिय इन्दिरा' छापिएको पनि पन्ध्र वर्ष भएछ । मेरा भान्जाबाबूले हतारमा यो किताब किन छापे अहै उनी यस विषयमा मसँग भन्न सक्तैनन् । त्यसैले पनि आज उनलाई सादा, हलुका र सहज गाली गरेर भए पनि मैले आफूलाई शान्त बनाउन सकेको छु । डायरीभित्रका कति कुरा कुन मुडमा लेखिन्छन् र त्यसमध्ये कुनकुन कुरा छाप्न सकिन्छ, त्यही मात्र छापिनुपर्ने हो । अनि यसै कारणले त्यस्ता त्रुटि घरीघरी भइरहने पनि गर्दा रहेछन् नै ! उदाहरणका लागि भन्ने हो भने नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा 'श्रीमान् उपकुलपतिज्यू, मेरो किताब छापी पाऊँ' भन्ने निवेदन पनि सोही किताबको मध्यपृष्ठमा लिपिबद्ध भएको कुनै बखत मैले पढेको थिएँ तर त्यो भूल लेखकको होइन; सम्पादक र प्रकाशकको नै हो । अनि मेरो पनि ठीक त्यस्तै घटना घटेको मात्र हो । खेस्रा, डायरी या पाण्डुलिपि नै नकेलाई किताब छाप्ताको त्रुटि यस्तै हुन्छ भनेर मैले नै पनि भन्नै पऱ्यो ।

'प्रिय इन्दिरा' मेरो मनको एउटा घटनाको विरहको बिटो पनि हो । मलाई प्राणतुल्य माया गर्ने मेरी पुरोधिकासँग बिहेउप्रान्त हामी

सायद एकै दिन पनि छुट्टिएका थिएनौँ तर अपर्झट केही दिन उनीबाट ओझेल पर्नु र कञ्चनजङ्घाको परीक्षा घडीमा उसलाई 'होमसिक' हुनु या घरको मायाले सताउनुका कारण मैले 'प्रिय इन्दिरा' जनमाऊ ल्याउने विचार गरेको हो । यति हो प्रथम संस्करण सम्पादन गरिएन र त्यसबारे मेरो चित्तचाहिँ दुखेकै हो ।

एक पटक चेन्नाई मेरो पानीपँधेरो थियो । यो 'प्रिय इन्दिरा' लेखेताक राजा ज्ञानेन्द्रले आफ्नो हातमा राज्यको बागडोर लिएका थिए । त्यस घडी नेपालबाट बोलाइएर नै म काठमाडौँमा आएको थिएँ । त्यतिखेरै 'प्रिय इन्दिरा' पनि मैले साथै लिएर आएँ । त्यो पाण्डुलिपि थन्क्याएँ र छोरासँग वाचा गरेअनुसार एक हप्ता राजधानी बसेर म फेरि चेन्नाईतिरै लागेँ । त्यसपछि म चेन्नाईमा दुई महिना आठ दिन बसेको थिएँ तर पछिल्लो पटक त्यहाँ जाँदा म त्यति निराश थिइनँ । यता बूढीलाई पनि मैले राम्ररी सम्झाएको थिएँ र उता छोरालाई पनि मैले 'विश्वविद्यालयस्तरको प्रथम श्रेणीमा प्रथम हुनुपर्छ बाबू !' भनेर हरतरहले उकास्न थालेको थिएँ । त्यो दुई महिनासम्म मैले नै खाना पकाएँ, भाँडा माझेँ, छोराका लुगा धोइदिएँ, छोराका लुगामा पनि म आफैँ स्त्रि लगाइदिन्थेँ । त्यसपछिको परीक्षामा छोराले पनि मेरो मनको कदर गरिदिएको थियो । भनौँ, त्यस बेलाको मेरो चेन्नाईको वास अति सफल भएको थियो ।

'प्रिय इन्दिरा' मेरो निबन्ध हो; यसलाई म पत्रात्मक निबन्ध मान्छु । अथवा भनौँ, यो मेरो नियात्रापत्र हो । सानै भए पनि यसभित्र मैले मेरो जीवनको वास्तविक चरित्र पस्किएको छु ।

मेरा किताबहरू प्राय: बाँडिन्छन् । बिक्रीका लागि किताब लेखिएन । किनभने बजारका अधिकांश व्यापारीले किताब बेचेर पैसा दिँदैनन् र उनीहरूले खानुभन्दा बरु सकेसम्म उपहार नै दिन म मन पराउने गर्छु । यसरी बाँड्ने किताब दोस्रो संस्करण नछापे

पनि हुने हो; तर 'प्रिय इन्दिरा'लाई दोस्रो संस्करणका रूपमा प्रस्तुत गर्न पहिलो संस्करणले घचघच्याइदियो । किनभने मैले भूल सुधार्नका लागि नै भए पनि दोस्रो संस्करण प्रकाशनमा ल्याउनै पर्ने थियो । साथै मैले लेखेका प्रायः सबै कृति नइ प्रकाशनको सूचीमा पनि परून् भन्ने मेरो चाहना हो । अनि त्यसैअन्तर्गत 'प्रिय इन्दिरा'को थप प्रकाशनमा मैले मन दिएको हुँ ।

म गीत लेख्थें, जीवनी लेख्थें र निबन्ध लेख्थें र अझै पनि लेखि नै रहेको छु । पछिल्ला दिनहरूमा गीत र निबन्धलेखनलाई चटक्कै छाडेको मैले महसुस गर्न थालें । हो, मलाई निबन्धको पनि माया लाग्छ । किनभने गीतमा झैं निबन्धमा पनि आफ्नो मन राम्ररी फुकाउन पाइन्छ । त्यसैले यस कृतिलाई बचाउनेहेतु मैले यसको दोस्रो संस्करण ल्याएको पनि हुँ ।

'प्रिय इन्दिरा' मेरी पुरोधिकालाई नै समर्पित छ । वास्तवमा 'इ' नभए म 'न' पनि आधा मात्र हुन्थें । हामी मिलेर एउटा पूर्ण 'नइ' बन्यो, यसैमा मलाई गौरव छ । अनि यस नइभित्रै हाम्रा सन्तति पनि उभिएका छन् । साथै स्रष्टा र साहित्य, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्मा नै निजी नइ सार्वजनिक नइ भएर परिक्रमा भएको देख्ता मलाई थप गौरवी बोध भएको छ ।

**• नरेन्द्रराज प्रसाई**

# प्रिय इन्दिरा

# एक

स्टचान्डर्ड होटेल, गोरखपुर
१३ डिसेम्बर २००४

प्रिय इन्दिरा !

एक महिनाअघिदेखि तिमीबाहेक सबैसँग सम्पर्कविहीन भएर बसेको क्षणमा मलाई एक प्रकारको मजा लागेको थियो । यसैबीच करिब आधा महिनाका लागि चेन्नाई जानेबारे तिमीसँग मेरो सम्झौता भएबमोजिम म त्यता हिँडेको हुँ । तर तिमीसँग छुट्टिएर बाटो लागेपछि चाहिँ मलाई साह्रै नमजा लागिरहेको छ ।

•

इन्दिरा ! प्रकृति र पुरुषबीच पनि अनेक शृङ्खलाहरू सुषुप्त रूपमा रहेका हुँदा रहेछन् । म घरबाट छुट्नुअघि मैले तिम्रो नारीहृदय पनि पढिरहेको थिएँ । त्यति बेला तान्तु (अनुकृतिका)का आँखा पनि मप्रति झुम्म भइरहेको मैले महसुस गरेको थिएँ । त्यस अवस्थामा मेरो आँखाले जसरी तिमी, तिमी र तिमी सुमसुम्याइरहेको थियो त्यसरी नै मेरो भावनाले तान्तुको सुखद, उन्नत र सफल भविष्यका लागि पनि शुभकामनाको सपना पस्किरहेको थियो । त्यति बेला मैले तिमी र तान्तुलाई पालैपालो चुम्बन गरेको क्षणले मलाई निक्कै बेर जीवनदर्शनमा पौडाइरहेको थियो ।

आज बिहान पनि मैले तिमी र तान्तुलाई चुम्बन गरेको थिएँ । तान्तुलाई हेरेपछि म केके कुरा सोच्न पुग्छु । वास्तवमा ऊ मसँग कति लहसिएकी छे । उसका आँखामा म निर्दोषिता भेट्ने गर्छु । त्यसैले पनि मलाई उसको धेरै माया लागेको हो । ऊ पनि मलाई धूमधाम माया गर्छे । उसले जसरी मलाई माया गर्छे त्यसरी नै ऊ मसँग निष्ठावान् पनि छे । यो बेहोरा ऊद्वारा लिखित 'मेरो जेम्बोरी यात्रा'ले पनि प्रस्टचाएको छ ।

तान्तुलाई मैले माया गर्नु अनौठो पनि होइन नि ! तर यसै प्रसङ्गमा आज बिहान पनि मैले तान्तुलाई गरेको मेरो चुम्बन छोरीप्रतिको थियो । तान्तुले मलाई गरेको चुम्बन बाबुप्रतिको थियो । अन्तमा तिम्रो र मेरो स्पर्श लोग्नेस्वास्नीको थियो, प्रेमी र प्रेमिकाको थियो वा सहचर र सहचरीको थियो । खास गरेर आजचाहिँ तिमीलाई चुम्बन गरेको क्षणमा मेरो छाती पट्टै फुटेको थियो । ढुङ्गो त फुट्छ र त्यहाँबाट पानी रसाउँछ भने हामी त मान्छे पर्‍यौँ । मान्छेमा पनि मेरो मन किन यति कमलो भएको हो ! यो विषय मलाई थाहा छैन । कहिलेकाहीँ त मलाई यो मनलाई नै कच्याककुचुक पारेर फाल्न मन लाग्छ तर त्यसो गर्न पनि सकिँदो रहेनछ । वास्तवमा मान्छेले जीवनमा आफूसँग जे छ त्यही लिएर हिँड्नुपर्दो रहेछ । म पनि मेरा तिनै जन्मजात प्राप्य सामग्री बोकेर हिँडिरहेको छु, खास गरेर आजको यो हिँडाइ मेरो मनखुसी नभएकाले बाध्यतासँगको सम्झौता बन्न पुगेको छ ।

तिमीसँग मैले छुट्टिनुपर्ने स्थिति मेरा लागि स्वतः एउटा आश्चर्य थियो तर यस बेला हामी एकअर्कासँग छुट्टिनै पर्‍यो । यो हाम्रो बिदाइ उपलब्धीको सङ्केत थियो । जीवनमा एक दिन त हामी एकअर्काबाट सधैँका लागि छुट्टिनु छँदै छ तर आज भने तिमीसँग छुट्टिएपछि मेरो मनमा अनेक कुरा अनायासै खेले ।

त्यति बेला मेरो मनमा चाहिने कुरा पनि खेले र नचाहिने कुरा पनि खेले । मेरो मन यसरी अशान्तिमा रुमलिरहेकै बेला म चढेको टचाक्सी त्रिभुवन विमानस्थल पुग्यो । त्यति बेलासम्म पनि मेरो मन भारी नै थियो । बुद्ध एयरको काउन्टरमा पुगेर मलाई थचक्कै बस्ने इच्छा थियो अनि मैले त्यसै गरेँ । त्यति बेला पनि मेरो मनमा रङ्गीबिरङ्गी कुराहरू दौडिरहेका थिए । कुराहरूको निष्कर्ष निक्ले, मैले आफूले आफैँलाई सम्झाएँ तापनि मनको तरङ्ग फेरि मनभित्रै घुमि नै रहे ।

इन्दिरा ! काठमाडौँमा कुनै दिन म कस्तो मनस्थितिमा रुमलिएको थिएँ ! खुसीको पिङ मच्चाउन ठिक्क परेको बेला गाँस नै काटिएको पनि भोग्न म बाध्य भएँ । एउटा युगको प्रतीक्षापछिको खुसीको आगमनलाई दुक्खका हातले छेक्दा मान्छेलाई कस्तो पर्छ ? हामीजस्ता साधारण मान्छेको संवेदना अरूहरूले कति पो बुझ्ेको हुन्छ र ! मान्छे बलिको बोको त होइन नि ! वास्तवमा कुनै समय मेरा लागि त्यसरी पनि उपस्थित भयो । मान्छे भएर पनि मैले त्यस घडी बलिको बोकाको जीवन भोग्नुपर्‍यो । जसका लागि मैलै भरपूर जीवन नै अर्पण गरेँ, उसैबाट म थलिँदा मलाई कस्तो भयो होला ? यति हुँदाहुँदै पनि हाँस्ने हाँसिरहेँ, छकाउनेले आफू सफल भएको ठानिरहे, तर मचाहिँ रोइरहेँ । वास्तवमा म अप्राप्तिको व्यथामा रोएको थिइनँ; राष्ट्रकै टुप्पाको मानवता नै विद्रूप हुन पुगेकाले म रन्थनिएको थिएँ, आत्तिएको थिएँ र भौँतारिएको थिएँ ।

•

मानवताको बिन्दु केलाई मान्ने इन्दिरा ! मान्छेका आफ्नो कोख त खराब हुन्छ भने अर्कालाई दोष दिएर कसले कसलाई जित्नु छ र ! कोखको घाउ झन् कति दुख्दो रहेछ ! अर्काले हानेको सिस्नोले भन्दा आफन्तले हानेको फूलले धेरै दुख्छ भन्ने मान्यता साँचो रहेछ ।

यो बेहोरो मेरी आमाले पनि खपेको सत्य हो । त्यति मात्र होइन मेरा सहोदर दाजुले नै मलाई कति खेदे, कति रेटे र कति निमोठे ! मैले त्यस्तो के अपराध गरेको थिएँ र उनले मेरो शिर भाँच्न खोजे ? उनका लागि मैले आफ्नो सर्वस्व जीवन दिएँ; तर उनले मलाई अपमान, बेइज्जती र तनाव मात्र दिइरहे । त्यसैले म न उनलाई पागल भन्न सक्छु, न मूर्ख भन्न सक्छु, न अपराधी नै भन्न सक्छु । मैले भन्नु नै पऱ्यो भने म उनलाई पापीचाहिँ भनूँला । वास्तवमा उनले मप्रति गरेको व्यवहारले म त्यति दु:खित भने छैन । किनभने उनी मलाई त के आफ्नै आमालाई त थुक्तै हिँड्छन् । सँगै हुँदा पनि पुगनपुग नब्बे वर्षकी आमाको हातको दसैँको टीका नलाउने मान्छेको के कुरा गर्ने ! तर पनि त्यस्ताहरूका हिर्काइले पनि मनभित्र घाउ हुँदो रहेछ । त्यही घाइते मन जोडिएर मैले आफ्नो दिनचर्यालाई एउटा साङ्लाले बाँधेर राख्नु पनि पऱ्यो । पीडैपीडामा रन्थनिएको बेला थप अर्को दुक्खको डाह थपिएर मलाई विक्षिप्त बनाउन खोजिँदै छ ।

मलाई मात्र किन हो यसरी नमजाका घुम्तीहरूले म्वाइँ खाइरहेका छन् । जहिले र जहाँ पनि राम्रो गर्न खोज्दाखोज्दै मेरा हातमा किन नराम्रो नतिजा मात्र पर्छ ? चिना हेर्ने ज्योतिषीहरूले पनि मलाई राम्रो हुन्छ भनेर किन चाप्लुसी मात्र लगाउने गर्छन् ? अब मलाई कस्तो लाग्न थालेको छ भने इन्दिरा ! कुन सत्य र कुन झूटो हो छुट्ट्याउने अवस्थामा म छैनँ नै भने पनि हुन्छ भन्नेतिर म पुग्न थालिसकेको छु । किनभने जसलाई अगाडि भेट्टाइन्छ त्यो मेरा लागि ठीक हुन्छ र पछाडिपट्टिबाट ऊ नै मलाई छुरी हान्न थाल्छ । त्यसैले म कहिलेकाहीँ यस समाजदेखि वाक्क हुन्छु तर मैले जीवनमा जेसुकै भोग्दै हिँडे तापनि आजचाहिँ आफ्नै कर्तव्य शिरमा बोकेर मैले राजधानी छाड्नुपरेको हो । वास्तवमा मैले राजधानी छाड्नुपर्ने कारण तिमी र तान्तुबाहेक अरू कसैलाई थाहा थिएन; यदि थाहा

थियो भने कञ्चनजङ्घालाई थाहा थियो । ऊ मलाई 'काठमाडौँमा नै बस चेन्नाई आउनु पर्दैन' भन्थ्यो । वास्तवमा ऊ मलाई साह्रै माया गर्छ । त्यसैले मैले पनि उसको बोलीको कदर गर्दै आएको थिएँ तर अब उसको हिसाबले पनि मेरो मनोमस्तिष्कलाई कज्याउन सकेन र म हिँडेको हुँ । घरदेखि मेरा पाइला जतिजति सरे पनि मेरो मनलाई मैले शान्त पार्न सकिरहेको छैन तर पनि म हिँडिरेकै छु ।

म काठमाडौँबाट भैरहवा आउने हवाईजहाज चढेँ । जहाजमा बसेको बेलामा पनि मेरो मनमा कुरा खेलिरह्यो । जानिफकारहरू भन्थे– 'खाली दिमागमा सैतानको बास हुन्छ भन्थे ।' मैले पनि दिमागभरि चाहिने र नचाहिने कुराहरू बटुलेको रहेछु । भरिएकै दिमागमा पनि शैतानले बास पाउँदो रहेछ । 'जहाज खसेछ भने इन्दिरालाई कस्तो चोट पर्ला । कञ्चनजङ्घाको भविष्य कस्तो होला र तान्तु कति रोली ! त्यति मात्र होइन, मेरो असामयिक मृत्यु भइहाल्यो भने मेरी आमाको हालत के होला ! आमाको हेरचाहका लागि कसले पहल गर्ला ! आमाको पालनपोषण कसले गर्ला ! किनभने मेरी आमाले आफ्नो सिरीखुरीजति खुर्केर छोराहरूलाई दिइसक्नुभएको छ । त्यसैले आत्मनिर्भरताको पक्षमा आमा निरीह नै भइसक्नुभएको छ । आमालाई बाँच्नकै लागि पनि भविष्यमा घात पर्छ' भन्ने थप सोच त्यति बेला मेरो मनमा उब्जिरह्यो । मेरो मनमा यस्ता थाङ्ने कुराबाहेक त्यस समय अरू ठूलाठूला आदर्शका कुराहरू भने घुस्न सकेका थिएनन् ।

•

इन्दिरा ! जीवन भोग्ने क्रममा तिमीसँगको संसर्ग मेरो जीवनको उत्कृष्ट संयोग हुन गयो । आजको यात्राको आरम्भदेखि नै म तिमीलाई सम्झिरहेकै छु । तिमीसँग मैले प्रेम गरेको क्षणको अवधिलाई स्वर्णिम समय मानेको छु । आज जहाजमा बसेपछि त्यस क्षणका घटनाहरू

पनि म सम्झिरहेको छु । त्यति मात्र नभएर सधैं, सधैं र सधैं तिमी मेरो हृदय साम्राज्ञीका रूपमा मभित्र विराजमान भएकी म अनुभूत गरिरहेको हुन्छु ।

तिमीसँग प्रेम गरेर मैले तिमीप्रति पाप गरेँ वा पुण्य गरेँ, म अहिले खुटचाउन सक्तिनँ । हो, मैले त्यस बेला तिमीलाई भेटेदेखि नै तिमीसँग धीत मरुन्जेल नै प्रेम गरेको थिएँ । बतासमा उडेको मेरो मनलाई तिमीले पनि मायाको पिँजडामा हालिदिएकी थियौ । त्यसपछि तिमी वरिपरि नै मेरो जीवन घुम्न थाल्यो । अझै म त्यो घटना सम्झँदा उत्साहित हुन्छु । वास्तवमा इन्दिरा ! तिमी मेरो जीवनमा प्रवेश नगरेकी भए मेरो जीवन अन्तै कता गएर जोडिन्थ्यो वा बीचैमा कतै चुँडिन पुग्थ्यो होला । कञ्चनजङ्घा पनि बराबर भन्छ– ‘बुबा ! मामुसँगको बुबाको जीवन आरम्भ हुनाले नै मैले खुट्किला उक्लने मौका पाएँ ।’ साँच्चै हो इन्दिरा ! कञ्चनजङ्घा तिम्रो भक्त छ, ऊ तिम्रो साह्रै भक्त छ र परम भक्त छ । तिमीले मलाई दिएको मायामा नै ऊ रमाएको छ । त्यसमा पनि तिमीले मलाई दिएको माया अपरम्पार छ । त्यसैले उसले पनि मातृविहीनता महसुस गर्नुपरेको छैन । ऊ गौरवसाथ तिम्रै गीत गाउँदै हिँड्छ ।

•

इन्दिरा ! कुनै बेला हाम्रो अर्कै संसार थियो । जब तिमी मेरी हृदय साम्राज्ञीका रूपमा सुकोमल थियौ; अनि म र तिमी हाम्रो जीवनको सग्लो घाम भयौं । हाम्रो यो जीवन बीचैमा भाँचिएला वा गन्तव्यको निष्कर्ष टेक्ला, यसबारे त्यस घडी हामी दुवैलाई थाहा थिएन तर कालान्तरमा हामीबीच विवाहको नाटकले पनि ठाउँ पायो । के तिम्रो र मेरो प्रेमभित्र विवाहको आवश्यकता थियो र ? के हामीले बिहे गर्ने उद्देश्यले प्रेम गरेका थियौं र ? के हामी घरजम गर्ने उद्देश्यमा लागिपरेका थियौं र ? मलाई राम्ररी थाहा

छ– हामी बीचको प्रेमको निर्क्योल विवाह कदापि थिएन । हाम्रो जीवनको प्रारम्भिक पाइलाको विषय पनि कञ्चनजङ्घालाई ज्ञात थियो । साथै अहिलेसम्मको हाम्रो परिवारविषयक तारतम्य पनि उसले एकएक बुझेको छ । वास्तवमा प्यारी ! हाम्रो बिहे बाध्यात्मक थियो, किनभने मेरो घरमा पनि पत्नीको स्थान खाली भयो र तिम्रो पनि पतिको स्थान रिक्त भयो । त्यसैले हामी दाम्पत्य जीवनमा बाँधिनु हामी र हाम्रा सन्तानका लागि पनि अत्यन्तै आवश्यक थियो । यी कुराहरू आज बिहान तिमीलाई छाडेदेखि एकएक गरी मेरो छातीमा छताछुल्ल भई नाचेका थिए । वास्तवमा जहाजमा बसेदेखि नै मैले मेरी आमा, तिमी, कञ्चनजङ्घा र तान्तुबारे एकएक गर्दै गमिरहेँ । आज बिहानको कल्पनाका क्रममा चाहिँ म धेरै चोटि कञ्चनजङ्घामा नै केन्द्रित भएँ । कञ्चनजङ्घा असल भएर पनि कहिलेकाहीँ उसले मलाई दुखाउँछ र रुवाउँछ । यसको कारण के हो भने म उसलाई अपार माया गर्छु । वास्तवमा ऊप्रतिको मेरो मायाले नै मलाई थप पीडा दिएको हो भन्ने पनि म बुझ्ने गर्छु ।

•

मेरो मनमा मर्ने र बाँच्नेबारे जति कुरा खेलिरहे पनि म चढेको जहाज सकुशल भैरहवा ओर्ल्यो । त्यसपछि मेरो शिरमा फेरि अर्को खाता थपियो । अनि विषय र प्रसङ्गको सिलसिला नमिले तापनि मेरो शिरभरि नैराश्यका बादल मडारिन थाले । म कहाँ हिँडिरहेछु मलाई थाहा भए तापनि त्यो विषय मेरो उत्साहको सूचीभित्र नै परेनछ कि ! म त सुनौली जाने कार चढ्न पुगेँ । मसँग एक जना भारतीय पर्यटक पनि थिए । अनेक सोच जम्मा भएर बाटाभरि पनि मेरो अनुहार निन्याउरो नै रह्यो । मेरो मन अशान्त भए तापनि कार चलाउने चाहिँ छुरा थियो; हामीलाई सुनौलीस्थित गोरखपुर जाने बस पनि उसैले चढाइदियो ।

बाह्र बजे म बस चढेँ । बसमा चढेपछि मैले स्याउ खान थालेँ । बिहान हिँड्ने बेलामा तिमीले दिएको कोसेली प्रसादको रूपमा ग्रहण गर्नु मैले आफ्नो कर्तव्य ठानेको थिएँ तर स्याउको हरेक चपाइमा मैले तिम्रै प्रेमामृतको स्वाद लिइरहेको कल्पनामा म डुबेको थिएँ । स्याउ खाएर त म अघाएछु, इन्दिरा ! तर तिम्रो प्रेमामृत पिएर म कहिले पनि अघाइनँ । तिमीले मलाई कस्तो अमृतरसमा डुबायौ ? वास्तवमा मैले जीवनप्रतिको मायाको मूल्य पनि तिम्रै सङ्गतबाट पाएको थिएँ । तिम्रो मायाको वर्णन गर्ने ठाउँ मैले पाएँ भने म त्यस विवरणलाई सगरमाथामाथिसम्म नै पुऱ्याउन तयार छु तर त्यो अवसर म कहिले पाउँला र !

आज बस चढेदेखि नै मेरो मन बसभित्र छ जस्तो लागेन । किनभने मेरो मन कहिले आमा भेट्न पुग्छ, कहिले तिमीलाई भेट्न पुग्छ र कहिले कञ्चनजङ्घालाई पछ्याउँदै चेन्नाई पुग्ने गर्छ । मेरो मन जेजस्तो स्थितिमा भए तापनि मेरो शरीर साढे दुई घण्टा बस चढेपछि गोरखपुर आइपुग्यो । गोरखपुरमा उही पुरानै स्टयान्डर्ड होटेलमा बसियो । होटेलभित्र बसिरहन मलाई के मन लाग्थ्यो र ! बाहिर आएर मैले तिमीलाई फोन गर्ने ठाउँ खोजेँ तर हाम्रो घरको फोन नै उठेन । त्यसपछि मैले कञ्चनजङ्घालाई फोन गरेँ । अनि भोलिको रेलको सारिणी हेर्न म रेलस्टेसनतिर लागेँ । त्यत्रो घुइँचोले भरिएको रेलस्टेसन पनि आज मेरो मनमा छिर्नै सकेन ।

इन्दिरा ! आजको दिन मेरा लागि पीडैपीडामा बितेको छ । मेरो मन नै अशान्त छ । जति गर्दा पनि, जे गर्दा पनि मैले मेरो मनलाई भनेजस्तो नियन्त्रण गर्न सकिरहेको छैन । त्यति हो तिम्रो माया, प्रीति र समर्पणले गर्दा मेरो जीवन नैराश्यमयचाहिँ अझै भइसकेको छैन र भविष्यमा पनि हुँदैन नै होला भन्ने बलियो आशामा म बाँधिएको छु ।

•

आज बिहानै ओछ्यानमा तिमीसँग अँगालो मारेको तातो सम्झनाले बेलाबखत जीवनको सार्थकता भेट्टिएको जस्तो भयो तर आज बिहान पनि हामीमाऊको आलिङ्गनभित्र पनि हामीले सेक्स सम्बन्ध त गाँसेका थिएनौँ नि ! तिमीले मेरो शरीरको आवश्यकतामा नौनी राख्न खोज्दा र मैले तिम्रो शरीरको आवश्यकतामा माया बर्साउन खोज्दा मैले भनेको थिएँ नि– 'हाम्रो जीवन सेक्स मात्रै होइन ।' वास्तवमा इन्दिरा ! तिमीले मेरो मनलाई अलिकति भए पनि शान्त पार्न प्रकृतिको सुन्दरतम् वरदानप्रति आकर्षित पार्न खोजेको मैले महसुस गरेको थिएँ । हिँड्ने बेलामा तिमीसँगको प्रेममा डुबेर सारा संसारलाई एकैक्षण बिर्सने विचारचाहिँ मलाई पनि आएकै थियो तर हिजैदेखि मेरो मुड नै माटोमा लत्रिसकेको थियो । त्यति बेला तिमीलाई छाडेर जाने विषयमा मात्र त्यो मेरो मन केन्द्रित थियो । फेरि यो भौतिक शरीर दोहोरिएर तिमीसँग टाँस्सिन आइपुग्छ वा आइपुग्दैन भन्ने विषयमा पनि हिजैदेखि मेरो दिमाग अताल्लिएको थियो । त्यसै बेला मेरा सामु त्यही एउटा सत्य उद्घाटित भएको थियो– 'तिमीले मसँग प्रेम गरेकी रहिछौ र मैले तिमीसँग त्यति नै प्रेम गरेको रहेछु ।'

इन्दिरा ! प्रेममा वासना पनि आउँछ तर प्रेमको फूल झार्ने नियतको वासनाले प्रेमलाई लुछ्न हुँदैन । तिमी पनि त्यसै विचारधाराकी धनी रह्यौ र मलाई पनि त्यही विचार मन पर्छ । यौनमै मात्र समर्पित र समर्थ मान्छे मर्द र यौन विषयलाई थोरै मात्र महत्त्व दिने मान्छेचाहिँ नामर्द भन्ने विषयको म समर्थक हुन सकिनँ । वास्तवमा कामुक मान्छेहरूको जीवन एक दिन मरुभूमिको बालुवामा पानी हालेसरहको हुन्छ तर हामीचाहिँ सदैव हृदयान्तरको मायाबाट कहिल्यै अघाएनौँ र हामी दुवै जनाले यौनजन्य शारीरिक सम्बन्धलाई मात्र प्राथमिकता दिएनौँ ।

•

मैले जीवनमा धेरै मान्छेको सङ्गत गरेको छु । तीमध्ये थुप्रै केटीहरूसँग पनि मेरो सम्बन्ध गाँसियो । कुनै केटीसँग मैले शारीरिक सम्बन्ध गासेँ र कुनै केटीसँग सम्बन्धका लागि मात्र सम्बन्ध गासेँ । मेरै अनुभवलाई प्रस्तुत गर्ने हो भने केटीहरू पनि कोही सेक्सका लागि प्रेम गर्दा रहेछन् र कोहीचाहिँ प्रेमका लागि सेक्दा गर्दा रहेछन् । मैले चाहिँ तिमीसँगको भेटपछि तिम्रो र मेरो प्रेमको सम्बन्ध भावनात्मक सम्बन्धमा नै अधिक बाँधिएको देखेको छु । आज बिहानको बिदाइमा तिमीले मलाई फूलको सानो गुच्छा दियौ । मैले फूलको त्यस गुच्छालाई स्नेह, माया र प्रेमको प्रतीकका रूपमा स्विकारेको छु । हिँड्ने बेलामा तिम्रा आँखाभित्र टल्केको आँसु पनि देखेँ र त्यो नै मोतीका दाना बन्दै तिम्रो नाकको डाँडीका छेउकुनाबाट गुडुल्केर ओर्लेका पनि देखेँ । त्यतिखेर त्यहाँ मैले तिम्रो प्रेम नै उत्सर्गिक भएर टलक्क टल्केको देखेँ । त्यति बेला म भक्कानिएको पनि नाटक होइन । त्यो तिमीसँगको बिछोडको व्यथाको मेरो भक्कानो थियो । त्यही भक्कानो अहिले मेरो जीवन भएको छ इन्दिरा ! लाग्छ– म भाग्यमानी भएर पनि कठोर जीवनबीच फेरि सङ्घर्ष गरिरहेको छु ।

•

मैले आमाको गर्भावस्थामा नै पृथ्वीमा अवतरणका लागि सङ्घर्ष गरेँ र जन्मेपछि बाँच्नका लागि सङ्घर्ष गरिरहेँ । सङ्घर्ष गर्नु मेरो जीवनको नियति बनेको छ । त्यही नियति मेरो सिद्धान्त बन्न पुगेको छ । हो, मैले हिँड्ने बेलामा ज्योतिषीलाई साइत हेरिदिन अनुरोध गरेको थिएँ । मेरो अनुरोध स्विकारेर गुरुले टेलिफोनबाट भनेको यो संवाद अझै मेरो कानमा नाचिरहेको छ– 'तपाईंको यात्रामा अवरोधै अवरोध आउनेछन् तर यात्रा सफल भने हुन्छ ।'

ज्योतिषीले भनेझैं म अवरोधैअवरोधबीच भीरमा फलेको कुभिन्डो भएको छु । म अप्ठ्यारोमा फलेको कुभिन्डो भए तापनि मेरो जीवनको अतीत सम्झँदा म जीवन बाँच्ने र बाँचेको जीवनको उपयोग गर्ने प्रेरणा पाइरहेको पनि हुन्छु । त्यति मात्र होइन तिमीले दिएको मायाका बिम्बहरू मैले आफ्नो हृदयमा सँगालेर राखेको छु । तिम्रो आदर्श भावनाको कदर गर्न नजाने तापनि तिम्रो मन, वचन र कर्मलाई भने मैले राम्ररी चिनेको छु । त्यसैले आफ्नो जीवनबाट तिमीलाई पनि ओझेल पार्नु भनेको मलाई मेरो मरेको जुनी हो भन्ने लाग्छ । समय, परिस्थिति र कार्यले गर्दा एकअर्कासित छुट्टिनुपर्दो पनि रहेछ । अबको हाम्रो यो बिछोडको म्याद कति छोटो छ र कति लामो छ; हामी प्रतीक्षा मात्रै गरौं । अँध्यारोमा गोली हान्दै म आफ्नो यात्रामा घस्रिरहेको छु तापनि धेरै दिनसम्म तिम्रो बिछोडमा बस्न मेरो मनले मलाई स्वीकृति दिएको भने छैन । त्यसैले चाँडै फर्कने तिमीसँग मैले वाचा पनि गरेको छु ।

•

अहिले रातको दस पनि बजिसक्यो । यति बेला म बसेको ठाउँ सुनसान छ । आज भात खाने मेलोमेसो पनि छैन । आज बिहान तिमीले जबरजस्ती भात खुवाएको म अहिले झलझली सम्झिरहेको छु । आज घरमा भात नखाएको भए दिनभरि नै भोकै बस्नुपर्ने रहेछ । काठमाडौंबाट हिँडेपछि कहीं कतै राम्रो खाने ठाउँ भेट्टिएन नै ! भनौं, खाना खाने वातावरण नै त्यस प्रकारको थिएन । स्टचान्डर्ड होटेलअगाडिको मारवाडी भोजनालय पनि आज बन्द थियो । त्यस होटेलमा कस्तो राम्रो भात खान पाइन्थ्यो । त्यसैले मैले अरू होटेलमा जाने मन गरिनँ । यहाँ एकदुई दर्जन फटाहाले गर्दा गोरखपुर बदनाम सहर मानिन थालेको छ । यहाँका केही मान्छेले नौला आगन्तुकलाई नशा लाग्ने वस्तु मिलाएर

खुवाउने प्रबल सम्भावना हुँदो रहेछ । अनि त्यस्तो कुरा खाएर मान्छे बेहोस भएपछि उसका झिटीगुन्टा लुट्ने गरिँदो रहेछ । यस विषयको खबर हामीले काठमाडौँमा धेरैपल्ट पढेका थियौँ । त्यसैले म कुनै होटेलमा गएर खाने मनसाय नराखी तान्तुले दिएको बिस्कुट खाएर आजको रात कटाउने मेसोमा लागेको छु ।

•

सुनौलीदेखि गोरखपुरसम्मको यात्रामा एकदुईओटा बेहोरा अत्यन्तै नमजा भएछन् । यो घटना आजको मात्र होइन, मैले गोरखपुर टेकेदेखि यो विवरण भोग्दै आएको छु । पहिलापहिला म गोरखपुर आउँदा सुनौलीदेखि भाडाका जिप, कार र सुमो चढ्ने गर्थें तर ती मोटरहरूमा चढ्दा अत्यन्तै अप्ठचारो हुन्थ्यो । ती गाडीमा अगाडि दुई जनाको सिटमा पाँच जना बसाल्ने गरिँदो रहेछ । अनि पछाडिका सिटमा कति मान्छे बसाउँदा होलान् अनुमान गर त ! त्यति मात्र होइन, कानको जाली फोरिउन्जेलसम्मको चर्को आवाजमा हिन्दी गीत बजाएर गाडी हाँक्ने यहाँको चलन रहेछ । यी सबै बेहोरामै जोडिएर कति जिप, कार र सुमोहरू त्यस सडकमा पल्टिरहेका पनि हुँदा रहेछन् । त्यसैले मलाई यहाँ यी सानाखाले गाडी चढ्नै मन लाग्दैन र म दिल्ली, इलाहावाद र बनारस जाने सरकारी एक्सप्रेस बस चढेर सुनौलीबाट गोरखपुरसम्म पुग्न चाहन्छु तर यसपालि चाहिँ के भो थाहा छ ? सुनौलीमा मैले बसमा मेरो झोला राखेको मात्रै थिएँ, निजी भाडाका खलासी र ड्राइभर आएर मलाई नसोधी मेरो झोला उनीहरूको गाडीमा लगेर राखिदिए । उनीहरूको भनाइमा सीधै दिल्ली, बनारस र इलाहावाद जाने मान्छे मात्रै एक्सप्रेस बस चढ्छन् रे । गोरखपुर जाने यात्रुले ती बस चढ्नु हुँदैन रे तर बस होओस् वा जिप होओस् त्यहाँ चढ्ने त आफ्नै खुसीले हो नि ! त्यसैले मैले आफ्ना झोला जिपबाट फेरि झारेँ र बसमा ल्याएर राखेँ तर जिपका ड्राइभर र खलासीले मसँग चर्कीचर्कीसँग बाझ्दै

मेरा सामान फेरि जबरजस्ती उनीहरूकै गाडीमा लगेर राखे । यति हुँदाहुँदै पनि भैरहवा एयरपोर्टदेखि हामीलाई लिएर आएको मारुतीकारको ड्राइभरले अनेक गरेर मेरो झोला फेरि बसमा नै ल्याएर हालिदियो । साथै मसँग भएको भारतीय पर्यटकको झोला पनि उसैले जिपबाट झिकेर बसमा राखिदियो । त्यस घटनामा भारतीय पर्यटक छक्क परेको थियो । त्यतिखेर उसले मलाई भनेको थियो– 'हाम्रो बम्बैमा त यस्तो हुँदैन । यहाँ त खुला गुण्डागर्दी हुँदो रहेछ । यहाँका पुलिस के हेर्छन् ?'

गोरखपुरमा आएपछि खानपानमा बुद्धि पुऱ्याउनु त छँदै छ । टेलिफोनहरूमा पनि खुला रूपमा बदमासी गरिँदो रहेछ । कम्प्युटरको व्यवस्थापनबाट टेलिफोनको पैसा तिर्ने देखाउँछन् तर गोरखपुरबाट काठमाडौँ फोन गर्दा कहीँबाट प्रतिमिनेट पच्चिस रुपियाँ, कहीँबाट तीस रुपियाँ र कहीँबाट चालिस रुपियाँसम्म पनि देखाउँदो रहेछ । मैले स्टचान्डर्ड होटेलको अगाडि घुम्तीमा रहेको काउन्टरबाट चेन्नाईमा कञ्चनजङ्घालाई फोन गर्दा प्रतिमिनेट दस रुपियाँ लियो । मैले फोन गरिरहेको बेला अर्को स्थानीय मान्छेले पनि बम्बै फोन गऱ्यो, उसको पनि त्यति नै पैसा देखाइयो । अनि त्यो मान्छे टेलिफोनवालासँग चरचरी चर्क्यो । मैले चुपचाप दस रुपियाँ थपक्कै तिरेर हिँड्नुपऱ्यो । त्यसपछि म अर्कातिर लागेँ र कञ्चनजङ्घालाई फेरि फोन गरेँ । करिब पाँच मिनेट बोल्दा त्यहाँ मैले बीस रुपियाँ मात्रै बुझाएको थिएँ । अनि मलाई पक्का भयो– यो गोरखपुर सहर साह्रै बिग्रेको रहेछ । यहाँ जसले जे गरे पनि हुने रहेछ । यहाँको प्रशासन यिनीहरूको सामु एकदमै फितलो भइदिँदो रहेछ ।

त्यसो त हाम्रो नेपाल बिग्रेको चाहिँ गुनासो कसलाई गर्ने र ? काठमाडौँमा पनि टेलिफोनको बुथमा त्यसरी मनपरी पैसा लिने गरिन्छ र भाडाका कारहरूमा पनि मनपरी मिटर राखिएका हुन्छन् । टचाक्सीबाट आज एक ठाउँमा जाँदा साठी रुपियाँ तिर्नुपर्छ भने भोलि

त्यहाँबाटै त्यसै ठाउँमा जाँदा सय रुपियाँ तिर्नुपर्ने भइदिन्छ । हाम्रो दूरसञ्चार कार्यालय र ट्राफिक प्रहरी यस विषयमा किन मौन भएको हो कुन्नि ! त्यसैले गोरखपुरको टेलिफोन र काठमाडौँको टेलिफोन मात्र होइन काठमाडौँका भाडाका गाडीका मिटर पनि मलाई उस्तैउस्तै लागे । आफ्नै देशको हालत यस्तो छ भने अर्काको देशको विषयमा गुनासो गरेर के हुन्छ ! आफ्नो आङमा भैँसी चढेको होस छैन अर्काको आङका जुम्रा देखेर के नै पो बन्ला र !

•

परार हामी कञ्चनजङ्घालाई लिएर चेन्नाई जाँदा तिमीले भोगेकै गोरखपुर त हो ! त्यति बेला गुप्ता लजमा हाम्रो कोठा कस्तो थियो ! कोठा सफा गर्न मलाई कति समय लागेको थियो ? त्यति मात्र होइन लजमा हामीले लिएको कोठाको शौचालय कस्तो थियो ? मलाई त्यो शौचालय सफा गर्न एक घण्टा लागेन र ? गोरखपुर फोहर र दुर्गन्धित जेजस्तो भए तापनि आज म बसेको स्टचान्डर्ड होटेलचाहिँ आनुपातिक रूपमा सफा र राम्रो पनि छ । यस होटेलका मालिक र कामदार पनि राम्रा छन् । म यस होटेलमा आजसम्ममा पाँचपल्ट बसेँ । तिमी र म पनि त यस होटेलमा दुईपल्ट बसिसकेका थियौँ नि, होइन ? यस होटेलमा मैले खासै असुविधा भन्नु केही भोगिनँ ।

•

पोहर र परार हामी सँगसँगै भएर यो बाटो हिँड्दा कस्तो मजा आएको थियो ! वास्तवमा तिमी र म भएपछि मलाई जेजस्ता कठिन यात्रा पनि सहज लाग्ने गर्छ । तिम्रो मायाको स्पर्श नै मलाई सजीव लाग्छ । तिम्रो मुस्कान, तिम्रो आँसु र तिम्रो अनुहारभरि म नयाँ र रमाइलो बाटो खुल्दै गएको देखिरहेको हुन्छु । आज तिमीसँग छुट्टिएपछि मलाई तिम्रो महत्त्वको झन् बढी बोध हुन थालेको छ । आज पनि

यस यात्रामा तिमी भएकी भए यो उराठलाग्दो जीवनको एकएक पल मैले निरास भएर गन्नु पर्दैनथ्यो । आज मैले हरेक पल र हरेक इन्चमा तिमीलाई नापेको छु । वास्तवमा तिमी मेरो जीवनको खुला आकाश रहिछौ, त्यसैले यस यात्रामा तिमी मसँग नै भएकी भए आज मैले फुङ्ग उडेको संसारको कल्पनामा आफूलाई लत्याउनु पर्दैनथ्यो । तिमीबिना आजको मेरो जीवन मलाई रुक्खो, सुखो र ऋन्डैऋन्डै ऋूटो नै भएजस्तो लागिरहेछ, इन्दिरा !

•

इन्दिरा ! मैले कागजमा जेजे लेखेँ मेरो मन नै खोलेर प्रत्येक पुर्जाहरू अक्षरहरूमा उदङ्ग्याएर प्रस्तुत गरेँ तर एउटा कुरा लेख्नुपर्नेमा अर्को कुरा लेख्न पुगेको पनि मैले महसुस गरेको छु । यहाँ मैले कतै बढी लेखेको छु भने पनि तिमीले मन नदुखाउनू । तिमीले मसँग मन दुखायौ भने वा मैले तिमीलाई मनका कुरा कोर्न सकिनँ भने तिम्रो र मेरो मन राख्ने ठाउँ नै कहाँ रहन्छ र ! त्यसैले मेरा यी कुरा मन पऱ्यो भने मनमा राखिदिनू र मन परेन भने फागुजात्राको रङ्गझैँ ठानेर हावामा नै उडाइदिनू, ल !

गुड नाइट प्रिय !

तिमीलाई माया गर्ने
तिम्रो नरेन्द्र

# दुई

**लखनऊ रेल स्टेसन**
**१४ डिसेम्बर २००४**

प्रिय इन्दिरा !

म राति कतिखेर भुसुक्कै निदाएँ कुन्नि, मैले थाहै पाइनँ । अनि आज राति मैले एउटा सपना पनि देखें । सपनामा मैले आमालाई देखें; तर आमाको सपना मैले नराम्रो देखें र त्यसपछि म बिउँझें । सपनाका कारणमाथि कल्पँदा मेरो मनमा नरमाइलो लागिरहेको थियो । आमालाई बिसन्चो पो हुन्छ कि भन्ने मलाई लाग्न थालेको छ । 'हे भगवान् ! मेरी आमालाई रक्षा गर !' भन्दै म फेरि सुत्ने तरखरमा लागिरहें । दुई बजेदेखि बिहान मिर्मिरेसम्म म सुत्तै, उठ्तै गरिरहें । मेरो सुत्ने कोठाको झ्याल सडकतिर खुल्ने हुँदा बस र रेलको हर्न टड्कारै सुनिन्थ्यो । बिहान साढे चार बजे म उठें र आफ्नो नित्यकर्म सकेर गोरखपुर रेलजक्सन गएँ । रेलको सारिणीमा मेरो रेल हिँड्ने ठीक समय देखेपछि मैले तिमीलाई फोन गरेको हुँ । पहिला दुईपल्ट घण्टी मात्र फ्याँकेर मैल फोन राखिदिएँ । यसरी तिमीलाई मैले निद्राबाट बिउँझाएको वा टेलिफोन आउनेतिर तिम्रो मन केन्द्रित गर्न खोजेको मात्र हुँ । त्यसपछि मैले फोन गर्दा बिहान साढे पाँच बजेको थियो । तान्तुले चाहिँ आज बिहानै मलाई फोनमा नै हँसाई । तिमीले उसलाई पनि बुबासँग बोल भनेर टेलिफोन दिँदा

उसले भनेकी थिइँ– 'हलो को बोलेको ?' सायद ऊ निद्रामा नै थिई । अनि मैले जिस्क्याएपछि ऊ हाँसी । त्यति बेला उसको हाँसोमा मेरो हाँसो पनि गाँसिएको थियो ।

•

गत कात्तिक २६ गते (११ नोभेम्बरमा) नीलकृष्ण भिनाजुले इहलीला समाप्त गरेको बेहोराको दस्तावेजसमेत आज मेरो मनमा खेलिरह्यो; त्यसैले मरो मन धमिलो नै थियो । भान्जा अर्जुन सिटौला र भिनाजुलाई सँगै राखेर मैले तीन वर्ष पहिला हाम्रो घरको बरन्डामा फोटो खिचेको सम्झना आज पनि मेरो मनमा छायो । नीलकृष्ण भिनाजु मेरा औपचारिक कुटुम्ब मात्र नभएर मेरो यात्राप्रसङ्गका सारथि पनि हुनुहुन्थ्यो । वास्तवमा भिनाजुकै कारणले आज म जे छु त्यो भएको छु ।

२०२८ सालको माघ ६ गते भिनाजुकै प्रतापले मैले झापाबाट काठमाडौँ आउनुपरेको थियो । भिनाजुको मप्रतिको सद्भावना, माया र संरक्षणको सम्झनामा म आज पनि कल्पिरहेँ । भिनाजुको उदारताको जति व्याख्या गरे पनि थोरै हुन्छ । वास्तवमा भिनाजुले तिमीलाई पनि कस्तो माया गर्नुहुन्थ्यो, हैन त ?

भिनाजुको निधन हुनुभन्दा तीन दिनअघि तिमीलाई मैले मेरो सपना सुनाउँदै भनेको थिएँ– 'ठूलो मान्छे को मर्छ है ?' नभन्दै भिनाजु पो स्वर्गीय हुनुभएछ । त्यस घटनाले म कति रोएँ ! त्यो दु:खद समाचार सुन्दा मेरो टाउकोमा एक्कासि आकाश बज्रेझैँ लागेको थियो ।

भिनाजु मेरा लागि ठूला, ठूला र अति ठूला हुनुहुन्थ्यो । मेरा बुबा, आमाभन्दा पछाडि मेरो जीवनमा भिनाजुकै पनि लगानी थियो । भिनाजुकै मप्रतिको प्रेम जोडिएर आज म नरेन्द्रराज प्रसाई

भएको हुँ । तिमी नै पनि भिनाजु भनेपछि मक्ख थियौ नि ! वास्तवमा भिनाजु कति महान् हुनुहुन्थ्यो; उहाँलाई चिन्नेहरूले उहाँको मूल्याङ्कन राम्रो गर्थे ।

मेरा भिनाजु असल मान्छे हुनुहुन्थ्यो । उहाँको मन नै ठूलो थियो । उहाँ सानालाई धूमधाम माया गर्नुहुन्थ्यो । उहाँ बोल्न पनि सिपालु हुनुहुन्थ्यो । उहाँ बोल्न थालेपछि ध्यान दिएर सुनिरहूँजस्तो लाग्थ्यो । सबैलाई दिएर खाने उहाँको बानी थियो । उहाँभित्र रिस, राग, आडम्बर र घमन्ड देखिँदैनथ्यो । नरम र सरलपन उहाँको व्यक्तित्वको विशेषता थियो । म उहाँको सादा जीवनबाट नै उहाँसँग गलेको थिएँ ।

•

म काठमाडौँ आएको वर्ष नै भिनाजु झापाबाट दुईपल्ट काठमाडौँ आउनुभएको थियो । त्यसै बेला भिनाजु काठमाडौँ नआउनुभएको भए त म झापा फर्कन्थेँ हुँला । त्यति बेला भिनाजुले काठमाडौँ आएर मलाई काठमाडौँमै बसेर पढ्न ललाइफकाइ गरी मेरो न्यास्रोपन हटाइदिनुभएको थियो । त्यति मात्र होइन, त्यस बेला म जेजे खान्छु भन्थेँ, उहाँले मलाई त्यहीत्यही खुवाउनुहुन्थ्यो साथै म काठमाडौँभित्र जहाँजहाँ जान्छु भन्थेँ, उहाँले मलाई त्यहीँत्यहीँ ठाउँ डुलाउनुहुन्थ्यो । कतिसम्म भने काठमाडौँ आएपछि चारपाँच दिन उहाँ मसँगै सुत्नुहुन्थ्यो ।

काठमाडौँ टेकेदेखि नै म साइकल चढ्थेँ । उहाँलाई मेरो साइकलकुदाइबाट डर लाग्दो रहेछ । त्यसैले उहाँ मलाई भन्नुहुन्थ्यो– 'मोटरले ठक्कर दिन्छ है, होस गर्नू !' त्यस घडी काठमाडौँका ट्राफिक नियमबारे मलाई भिनाजुले राम्ररी बताउनुभएको थियो । वास्तवमा काठमाडौँ बस्ता उपयोगी हुने खालको सामान्य प्रशिक्षण

मैले भिनाजुबाटै पाएको थिएँ । म कहिले र कसरी काठमाडौँ आएँ भन्ने बेहोरा मैले मेरो 'अक्षरको प्रदर्शनी'नामक निबन्धसङ्ग्रहको 'मेरो भाग्यरेखा र नीरा दिदी' शीर्षकमा नै व्यक्त्याइसकेको छु । अनि अहिले तिनै मेरी नीरा दिदीका पति पृथ्वीबाट हराउँदा मैले विह्वल हुनुपरेको छ ।

नीलकृष्ण सिटौला साँच्चैका दानी हुनुहुन्थ्यो । परोपकारमा उहाँको व्यक्तित्वको मौलिकता गाँसिएको हुन्थ्यो । शनिश्चरे बजारमा तेस्रो देशको व्यापार गर्ने पहाडी मूलका सम्भवत: उहाँ नै प्रथम पुरुष हुनुहुन्थ्यो । २०३२ सालमा उहाँको पसलमा डाँका लागेपछि उहाँको जीवनले ओह्रालो लाग्न सुरु गरेको थियो । वास्तवमा त्यति को धनी मान्छे क्रमश:, क्रमश: र क्रमश: ओर्लँदैओर्लँदै पाताल नै भास्सिनुभयो । पसल लुटिएको कुण्ठामा उहाँ रातोदिन पीरमा नै डुब्दै जानुभयो । अन्तत: त्यस रापको विष भरिएर उहाँ स्वयम् नै पनि स्वर्गीय हुनुभयो ।

•

आज गोरखपुर छाडेदेखि मलाई मेरा भिनाजुकै कल्पनाले बाँधेर राखिरह्यो । वास्तवमा भिनाजु र मबीच गहिरो सम्बन्ध थियो । कतिसम्म भने भिनाजु अशक्त भएको बेला पनि मलाई उहाँको मायाले डुबाइरहन्थ्यो । जतिसुकै असमर्थ हुँदा, अशक्त हुँदा र बेसहारा हुँदा पनि उहाँ हामीलाई भेट्न घट्टेकुलो आउनुहुन्थ्यो । त्यति बेलासम्ममा उहाँको आर्थिक अवस्था अत्यन्तै नैराश्यताग्रस्त भइसकेको थियो तर त्यति बेला मैले उहाँलाई लुगाफाटालगायत जेसुकै दिए पनि उहाँ लिन मान्नुहुन्नथ्यो । उहाँभित्र स्वाभिमान उच्च थियो ।

•

नीलकृष्ण भिनाजु मलाई हरेक दृष्टिले माया गर्नुहुन्थ्यो । खास गरेर हाम्रो घरको अंशबन्डा हुँदा मैले एक चप्परी माटो र एक पैसा

पनि नलिँदा उहाँ केही समय खिन्न हुनुभएको थियो । त्यति बेला मेरो इच्छा दिदीलाई एक बिघा भए पनि खेत दिन पाइयोस् भन्ने थियो । अनि मेरो नाउँमा रहेबचेको अरू खेत मैले मेरो भाइका लागि रहोस् भन्ने हृदयान्तरबाट चाहेको थिएँ । किनभने मलाई हरेक कदममा बचाउनेदेखि आफ्नो माइतीका लागि जीवन समर्पण गर्ने नै मेरी नीरा दिदी हुनुहुन्थ्यो । साथै मेरो भाइ गङ्गाले पनि मेरी आमाको सेवामा आफ्नो बाल्य र यौवन निखार्‍यो भनेर नै मेरो मन पग्लेको पनि हो ।

•

इन्दिरा ! मेरा भिनाजुलाई कुण्ठाले बाँध्न थालेपछि उहाँले स्वाभिमानभन्दा आत्मसन्तुष्टिलाई धाप मार्नुभयो । अनि उहाँले आफ्नो जीवनलाई सडकछापमा पनि पुर्‍याउनुभयो । उहाँलाई त्यति तल नखस्नुहोस् भिनाजु भनेर मैले कति अनुनयविनय गरेँ, कति फकाएँ र कति सम्झाएँ; तर उहाँले आफ्नो आचरण सुधार्ने प्रयास गर्नुभएन । वास्तवमा उहाँ मेरा निम्ति अत्यन्त आदरणीय व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले कहिले पनि मेरो कुरा काटेको मलाई थाहा छैन तर त्यस घडी कुण्ठामा डुबेर उहाँ मेरो सम्झाइबुझाइभन्दा निक्कै टाढा पुग्नुभयो । उहाँ रक्सीमा नै सुत्नुभयो, रक्सीमै निदाउनुभयो र रक्सीभित्रै हराउनुभयो । उहाँ साँच्चै अल्कोहोलिक नै हुनुभयो । आखिर रक्सीले उहाँलाई कप्ल्याक्कै निलि पनि दियो । दुक्खको सागरमा डुबेर उहाँ त्यसपछि कहिल्यै बाहिर निस्कन सक्नुभएन ।

नढाँटी भन्ने हो भने त्यति बेला मेरा भिनाजुका लागि बाँच्नुको अर्थ पनि थिएन । उहाँलाई जीवन बाँच्नु नै कठिन दिनचर्या थियो । यिनै कुरालाई गमेर भिनाजु स्वर्गीय भएलगत्तै मेरी दिदी नीरासँग मैले टेलिफोनमा कुरा गरेको थिएँ । त्यस दिन दिदीभाइ टेलिफोनमा नै रोएका थियौँ र तिमीले पनि मेरो त्यो कारुणिक दृश्य देखेकै हौ ।

त्यस दिन म हृदयभित्रबाट दु:खित भएर मेरी जीवनोत्प्रेरिका, मेरी जीवनदात्री र मेरी जीवनरक्षिका मेरी दिदीसँग निकै रोएको थिएँ । मेरी दिदी नै मेरो भाग्यरेखा हुनुहुन्छ भन्ने तिमीले पनि बराबर पढेको विषयसूची नै हो । मेरी करुणामयी देवी, मेरो जीवनकी भाग्यज्योत्स्ना र मेरी संरक्षिका दिदीले बेहोर्नुपर्ने वैधव्यको व्याघातले यतिखेर म मरणासन्न नै भएको छु । दिदीको त्यो दु:खद स्थितिले गर्दा आजसम्म मेरो आङमा घाम लाग्न सकेको छैन । अझै पनि म दिदीकै सुर्तामा झोक्राइरहेको छु ।

•

हेर न इन्दिरा ! भाइटीकाको पूर्वन्ध्यामा दिदी विधवा हुनुभयो । त्यसो त आजसम्म मैले मेरी दिदीका हातबाट आनुपातिक रूपमा त्यति धेरै पटक भाइटीका लाउन पाइनँ । मेरो जीवनमा परेका उनन्चास, पचास पटकका भाइटीकामा दिदीका हातले मेरो निधार सायद पन्ध्र पल्टभन्दा बढी छुन सकेको छैन । खास गरेर काठमाडौंको जीवनमा प्रवेश भएपछि मेरो निधारले आक्कलझुक्कल मात्रै दिदीको टीका भेटेको थियो तर दिदीको प्रत्यक्ष हातले टीका नलगाए तापनि मेरी दिदीले आउनेजानेका हातमा तिहारको टीकाटाला खामेर मलाई पठाइदिनुहुन्थ्यो । त्यतिखेर म दिदीले पठाएकै रुमालमा हर्षका आँसु पोख्तै दिदीका कोसेली थाप्थेँ ।

•

काठमाडौंमा मलाई सुरुदेखि नै टीका लगाउने कान्छी दिदी गङ्गा सिटौला हुनुहुन्थ्यो । उहाँ मेरी साइँली फुपू हिमादेवी मैनालीकी कान्छी छोरी हुनुहुन्छ । उहाँले निरन्तर मलाई टीका लगाइरहनुभयो । पछि मैले मेरा कान्छा काकाका छोरीहरू दुर्गा, धर्मकला, मोहन नाउँ गरेका बहिनीहरू र मेरा अर्का काकाकी छोरी अनि मेरी बाल

सहपाठीका साथै मेरी अति घनिष्ठ बहिनी दमयन्तीका हातका टीका लगाउन थालेपछि कान्छी दिदीले चाहिँ मेरो निधारबाट हात झिक्नुभएको थियो । वास्तवमा त्यस समयपछि मैले दमयन्तीहरूसँग लहडको टीका थापेको रहेछु । हुन पनि त्यस बेला उनीहरू मसँग हुरुक्कै हुन्थे । पछिपछि मैले बुझ्दै जान थालेँ; उनीहरूको त्यो व्यवहार खालि नाटक रहेछ । किनभने तिमीसँग मेरो जीवन गाँसिएपछि मोहन, धर्मकला र दुर्गाले मलाई टीका लगाउन चटक्कै छाडिदिए । पैसा कमाउन थालेपछि दमयन्तीले पनि मलाई भाइटीका गर्नै छोडिदिएकी थिई ।

इन्दिरा ! तिमीसँगको मेरो वैवाहिक सम्बन्धले मेरा केही चेलीहरू पनि मसँग भड्के र त्यसको परिणामले भाइटीकामा मेरो निधार खाली हुँदै आएको छ । यति हुँदाहुँदै पनि नीरा दिदी साथमा हुनुभएको भए मेरो निधार अवश्यै खाली हुँदैनथ्यो । मेरा कान्छा काकाकी जेठी छोरी भुवेनेश्वरी दिदीले पनि टीका लगाउन छोड्नुभयो । उहाँ भन्नुहुन्थ्यो– 'न. र दी. भन्ने सहोदर दाजुभाइ मिलेपछि मात्र म टीका लगाउन सुरु गर्छु ।' त्यसैले मचाहिँ भाइटीका लगाउनैपर्‍यो भने नीरा दिदीका साथै भुवनेश्वरी दिदी, गङ्गा दिदी र नङ्ग्री दिदी (नर्वदा दिदी) बाहेक अरूका हातको टीका यस जुनीमा नलगाउने अठोटमा उभिएको छु । मेरो कुरो ठीक छ वा ठीक छैन, तिमी मूल्याङ्कन गर ।

कालु ! मैले आफ्नो मनको बह पोख्तापोख्तै हामी चढेको रेल कानपुर आइपुगेछ । कानपुर आउनुअघि मैले गङ्गा नदीको पनि दर्शन गरेँ । कुनै दिन हरिद्वारमा जाँदा मैले गङ्गामा पौडी खेलेको सम्झना आज मलाई ताजा भएर आयो । त्यति बेला मैले पौडी खेलेको तिमीले कति रमाइलो मानेर हेरेकी थियौ र त्यस क्षणको मेरो फोटो पनि खिचेकी थियौ नि, हो कि ! हामीले त्यति बेला

हरिद्वारबाट गङ्गाजल पनि त घर लगेका थियौँ नि ! हरिद्वारको गङ्गामा कति सङ्लो पानी थियो; होइन ? तर कानपुरमा त यस्तो हिउँदको समयमा पनि गङ्गाको पानी त्यति सङ्लो नै देखिँदैनथ्यो ।

हरिद्वारमा तिमी र म भएर कति आनन्द गरेका थियौँ । हामी सारा मठमन्दिरमा एकएक गर्दै पुग्ने गर्थ्यौं । त्यति बेला मेरो मनमा चाहिँ तिमीप्रतिकै भावना धेरै नै टाँस्सिएको थियो । म भगवान्सँग तिम्रै सुखसमृद्धि, सुस्वास्थ्य र दीर्घायु पनि माग्ने गर्थें । त्यति मात्र होइन, तिमीसँगको मेरो सम्पर्कबाट हाम्रो राष्ट्रले केही पाओस् भन्ने पनि म कामना गर्थें ।

तिमीलाई यो चिठी लेख्तालेख्तै हामी चढेको रेल झाँसी आइपुगेछ । बिहान ७ बजे गोरखपुरबाट हामी चढेको रेल हिँडेको थियो । अहिले बेलुका ५ बजेपछि रेलले हामीलाई झाँसी ल्याइपुऱ्याएको छ । रेलबाट धेरै मान्छे ओर्ले तर म तिम्रो बोली कानभरि सिउरिरहेको छु– 'रेलबाट बाहिर नजानू है ल ?' त्यसैले कालु ! म रेलैमा बसेर तिमीलाई सम्झिरहेको छु । अनि मोदनाथ प्रश्रितको 'झाँसीकी रानी'को पनि म कल्पना गरिरहेको छु ।

•

मैले हिजो मध्याह्नअगावै लखनऊमा यो पत्र लेख्न सुरु गरेँ; त्यहाँ हामी चढेको रेल झन्नै पैँतालिस मिनेट रोकिएको थियो । यो विरक्त मनलाई कता राखूँ, कता राखूँ भन्दाभन्दै तिम्रै छेउमा लगेर राख्न मन लाग्यो । त्यसैले मनका कुरा निकालेर आफूलाई हलुङ पार्ने साधन समाएँ । अथवा भनौँ, अहिले मेरो मन थाम्ने साधन यही कलम र कापी भएको छ । यो पत्र जहाँजहाँ रेल केही बेर रोकिन्थ्यो, त्यहीँत्यहीँ लेख्तै जाने गर्थें ।

आज १५ डिसेम्बर हो । बेलुका ५ बजे हामी चढेको रेल विजयबाडा आइपुगेको छ । यहाँ रेल रोकिएपछि धेरैजसो यात्रीहरू

खाजा खान र पान खान बाहिर निस्केका छन् । निर्दिष्ट समयभन्दा चाँडो यहाँ रेल आइपुगेको हुँदा अब झन्डै आधा घण्टा रेल रोकिनेछ । म पनि अब यो पत्र यहीँ टुङ्ग्याएर झ्यालबाट बाहिरको चहलपहल हेर्छु ल !

तिमीलाई माया गर्ने
तिम्रो नरेन्द्र

# तीन

अड्डियार (आइआइटी), चेन्नाई
१६ डिसेम्बर २००४

प्रिय इन्दिरा !

काठमाडौँबाट हिँडेदेखि नै मेरो मन अशान्त भइरहेको छ । वास्तवमा जीवनमा मेरो मन यतिको तरल सायद कहिले पनि भएको थिएन जस्तो लाग्छ । यसपालि त मलाई समयले साह्रै नै नमज्जाकै ठिङ्ग्रा ठोकिरह्यो । काठमाडौँबाट चेन्नाई आइन्जेलसम्म मेरो मन रोइ नै रह्यो । रेलभित्र कसैसँग बोलौँ भने कुरा, विचार र भाषा नै मिल्दैनथ्यो । खास गरेर म बसेको डिब्बामा केरलाका मान्छेहरू रहेछन्; उनीहरू पढेका थिएनन् । एउटी आइमाईचाहिँ बोलक्कडजस्तै थिई । ऊ मसँग पनि बोल्न खोज्थी र ऊ अलिअलि हिन्दी टक्र्याकटुक्रुक निकाल्थी । उसको भाइ होला सायद त्यो त हिन्दी पनि बुझ्दैनथ्यो । ऊ पनि टक्र्याकटुक्रुकचाहिँ अङ्ग्रेजी बोल्न खोज्थ्यो ।

म बसेको डिब्बामा अरू स्थायी यात्री थिएनन् । कानपुरसम्म त त्यस डिब्बामा विभिन्न नयाँनयाँ मान्छेहरू मात्र आउँथे र उनीहरू रेल चढेको चारपाँच घण्टामा ओर्लन्थे । गोरखपुरदेखि कानपुरसम्म पनि ती दिदीभाइबाहेक अरू यात्रीहरू प्राय: चढ्दै ओर्लंदै गर्थे । रेलमा त्यसरी बीचबीचमा चढ्ने ओर्लने यात्रु भेटिनु भनेको लामो

यात्राको दुर्भाग्य नै मानिन्छ । त्यति बेला हरेक मिनेट आफ्नो झोलातिर आँखा डुलाउनुमै मेरो ध्याउन्न थियो । वास्तवमा मान्छेले दुक्ख नै पाउनुपर्ने रहेछ भने जताबाट पनि त्यस्तै प्रसङ्ग मात्र आइलाग्दो रहेछ ।

म बसेको डिब्बामा गतिलो साथी नभेट्टिनाले दिउँसो सुत्न मन लागेर पनि म सुत्न सकेको थिइनँ । रातिचाहिँ म झोला साङ्लाले बाँधेर सुत्थेँ तर पनि चोरको डरले प्रायः जागै रहनुपर्थ्यो । यस बाटोमा त चोर पनि कति लाग्छन् भने यात्रीपिच्छे एउटा न एउटा यात्री रोएको देखिन्छ । चोरहरू गोरखपुरदेखि नै पछि लाग्छन् अरे ! चेन्नाईबाट गोरखपुर आउँदाभन्दा गोरखपुरबाट चेन्नाई जाँदा यात्रीलाई यस्तो असुविधा देखिन्छ तर एयर कन्डिसनका डिब्बामा चाहिँ त्यस्तो केही नराम्रो घटना प्रायः घट्दैन रे ?

•

इन्दिरा ! बाटोमा एकातिर साथी नपाउनु, अर्कातिर मन चारैतिर भाँचिनुले गर्दा यसपालिको मेरो यात्रा दुःखदायी नै भयो । यति लामो यात्रा भौँतारिएर कटाउनुपर्दा यो सम्पूर्ण क्षण निकै नै लामो भएको मैले महसुस गरेँ । मेरो यात्रा जति नै कष्टदायी भए तापनि रेलले चाहिँ मलाई समयमा नै चेन्नाई ल्याइपुऱ्यायो । चेन्नाई आइपुग्दा रातिको भनौँ या बिहानको भनौँ एक पन्ध्र बजेको थियो ।

रेलबाट म पनि ओर्ले र सरासर स्टेसनको यात्रु प्रतीक्षालयमा आएँ । त्यहाँ धेरै मान्छेहरू देखिन्थे । तीमध्ये कोही कुर्सीमा बसेका र कोही भुइँमा सुतेका देखिन्थे । चेन्नाई स्टेसनमा प्रवेश भएपछि रमाइलो लाग्ने पनि गर्छ । वास्तवमा रेलस्टेसनमा मान्छेहरूको सुनसान बसाइ र सुताइ एक प्रकारले रमाइलो पनि देखिन्थ्यो । त्यो रमाइलो वातावरणमा पनि त्यस घडी मेरो मनचाहिँ अशान्त नै

थियो । अरूहरूको त्यही रमाइलोको साक्षी भएर म पनि एउटा खाली कुर्सी भएको ठाउँनिर गएँ । अनि त्यहाँ आफ्नो सामान राखेर म कफी खाने ठाउँतिर लागें ।

•

बल्लबल्ल रातको दुई बज्यो । त्यसपछि त मलाई समय कटाउन झन् गाह्रो भयो । त्यसैले एउटा कुर्सीमा मेरो झोला साङ्लोले बाँधेर साँचो लाएँ । अनि म एउटा कुर्सीमा बसेर ढल्कें । अगाडिको कुर्सीमा खुट्टा तेर्स्याउन पनि मैले त्यति बेला ठाउँ पाएको थिएँ । त्यसो गर्दागर्दै बल्लबल्ल तीन बज्यो । त्यसपछि म फेरि कफी खान गएँ । कफी खाएपछि म बाहिरतिर गएँ, घरी फोन गर्ने ठाउँमा पुगें र घरी फेरि आएर कुर्सीमा नै बसें । त्यति बेला म र मेरो मन मात्र त्यहाँ एकअर्कामा परिचित थिए । त्यस्तो बेलामा कोही चिनेको मान्छे भेट्ता कस्तो रमाइलो लाग्थ्यो होला ! तर त्यहाँ त्यस बेला मैले चिनेको एउटै मान्छे पनि थिएनन् । विरह चलेकाले पनि मलाई त्यस क्षण तिमीलाई फोन गरूँगरूँ लाग्यो ! तर मलाई तिमी निदाएकी छौ भनेर बाधा दिन मन पनि लागेन । वास्तवमा त्यस बिहान म पाँचसातपल्ट फोन भएको ठाउँतिर गएँ र तिमीलाई फोन गर्ने विचार गरें तर हातले रिसिभर समाउन मान्दैनथ्यो । त्यसै गरेर मैले बिहानको पाँच बजाएँ र तिमीलाई सर्वप्रथम टेलिफोन गरें । तिमीसँग बोलेपछि मेरो मन केही शान्त भयो ।

इन्दिरा ! तिमीसँगको भावना साटासाट गरेपछि मैले बेन्जामिन आइसेकलाई पनि फोन गरें । उनले निकै बेरपछि फोन उठाए । त्यसपछि मैले आफू आइसकेको र घरमा आउँदै गरेको सूचना दिएँ । उनी खुसीले बोले– 'सेन्ट्रलबाट सीधै मेरो घरमा आउनू है !' त्यसपछि मैले टेम्पो बन्दोबस्त गरें । अटोड्राइभरले मलाई असी रुपियाँमा अड्डियारस्थित आइआइटी पुऱ्याउने वचन दियो ।

•

चेन्नाईको अर्को विशेषता के हो भने त्यहाँ भाडाका कार प्राय: पाइँदैनन् । यहाँको प्रख्यात भाडाको सवारी साधन नै अटो अर्थात् टेम्पो हो । अटो पनि प्राय: एकैनासका देखिन्छन् । गाढा पहेँलो रङ यहाँको धेरैजसो अटोको ट्रेड रङ देखिन्छ र ड्राइभरहरू पनि प्राय: खागी कपडाको सर्टपेन्ट लगाउने गर्छन् । जस्तै गर्मीमा पनि यहाँका मान्छेमा हाफ पेन्ट लगाउने चलन छैन । घरबाहिर मात्र होइन घरभित्र बस्ता पनि यहाँका पुरुषहरू घुँडा देखाउने लुगा लगाउँदैनन् ।

म अटोमा चढेँ, अनि ड्राइभरले अटो चलायो । म अटो चढेको समय बिहानी मिर्मिरेको आगमनको बेला थियो । बाटोमा अलिअलि हुस्सु पनि देखिन्थ्यो । अटो ड्राइभर एकनासले अटो कुदाउँदै थियो । बाटामा थुप्रै कार, जिप, मोटरसाइकललाई पनि जित्दै उसले एकैनासले अटो कुदाइरह्यो । उसको टेम्पो हाँक्ने तरिकाले बेलाबेला डरले मेरो शरीर सिरिङसिरिङ पनि गर्थ्यो । रातो बत्ती बलेको बेला पनि यताउति पल्याकपुलुक हेरेर पुलिसको आँखा छल्दै ऊ बेजोडले अटो चलाउँथ्यो । अघिल्लो पटक चेन्नाई आउँदा मैले त्यति साह्रो कुद्ने अटो चढेको थिइनँ । यसपालि त मलाई जादु चढेकै जस्तो लाग्यो तर पनि सुरक्षित ढङ्गबाट अटोले बेन्जामिन आइसेकको घरमा मलाई पुऱ्यायो । त्यसपछि मैले ड्राइभरलाई पैसा दिएँ । उसले कबोलेभन्दा अरू बीस पनि थप भन्यो । मैले चुपचाप उसको माग पुऱ्याइदिएँ ।

•

चेन्नाईमा अटो ड्राइभर निकै खिच्चा हुने बेहोरा त अघिल्ला दुईवटा चेन्नाईको भ्रमणमा हामीले भोगेकै कुरा हो । यहाँका मान्छे जति सरल हुन्छन्, अटोड्राइभरहरू त्यत्तिकै निकृष्ट देखिन्छन् । अटोड्राइभर मात्र होइन, चेन्नाईको सवारी अत्यन्तै डरलाग्दो रूपमा चलाइएको हुन्छ । यहाँको हरेक सवारी तीव्र गतिमा हाँक्ने गरिन्छ ।

जुनसुकै व्यस्त ठाउँमा पनि यहाँको न्यूनतम स्पिड झन्डै प्रतिघण्टा पचाससाठी किलोमिटर त हुन्छहुन्छ नै ! चाहे मोटरसाइकल होस्, चाहे ट्रक र बस होस् अनि चाहे सानाखाले गाडीहरू नै हुन्, सबैको गति प्राय: बराबर नै हुन्छ । अनि खुल्ला सडकमा प्रतिघण्टा नब्बे, सय किलोमिटर सवारी कुदाउने गरिँदो रहेछ ।

चेन्नाईमा सवारीहरूमा बसचाहिँ सबैभन्दा सर्वसुलभ, अत्यन्तै सस्तो र त्यत्तिकै छिटो माध्यम पनि हो । बसविषयमा चाहिँ मलाई सानो एउटा कुराले केही चिन्तित पनि बनायो । कुरा के हो भने बस रोकिएपछि ढोकाबाट यात्रुहरू निक्लिरहेका हुन्छन् तर त्यसै ठाउँबाट मोटर र मोटरसाइकल पनि दौडिरहेका हुन्छन् । त्यसैले बसबाट झट्टै ओर्लनुभन्दा पहिले यताउताबाट अरू यातायात आइरहेका छन् वा छैनन् भनेर पहिला त्यतातिर दृष्टि पुऱ्याउनैपर्ने रहेछ ।

चेन्नाईमा काठमाडौँमा झैँ ठाउँठाउँमा ट्राफिक जाम हुँदैन र पुलिसहरू पनि प्राय: देखिँदैनन् । चेन्नाईमा यातायातमा राम्रो व्यवस्थापनको जग बसिसकेकै रहेछ । सायद ठूलाठूला बाटाहरू र आकाशे क्रस रोड अर्थात् पुलबाट पनि मोटर कुदाउने प्रचलनले यसो भएको हुन सक्छ तर बस रोकिएको ठाउँको देब्रेपट्टिबाट अन्य सवारी ल्याउनु हुँदैनथ्यो । त्यति एउटा सुधार गर्दा चेन्नाईको यातायातसेवा अति नै राम्रो हुन्थ्यो जस्तो मेरो मनमा लाग्यो ।

•

इन्दिरा ! अटोबाट म झोला बोकेर बेन्जामिन दाइको डेरामा पसेँ । बेन्जामिन दाइलाई देख्नासाथै मेरो शरीर फुलेर आयो । उनको टाउकामा सेतो ब्यान्डेज गरेको रहेछ । केही दिनपूर्व नेपाल जाँदा विराटनगरमा उनी दुर्घटनामा परेछन् । त्यस बापत निधारमा छओटा टाँका लगाइएको थियो रे ! बेन्जामिन दाइको त्यो हालत देखेर मैले अपसोच प्रकट गरेँ । त्यसै बेला उनले मलाई आफ्नो नरम बोलीमा

भने– 'सरी सर ! म रेलस्टेसनमा लिन आउन पाइनँ ।' उनको त्यो मीठो संवादले मलाई झनै न्यानो बनायो । आइसेकको भावना नै उच्च छ । मैले जहिलेदेखि उनलाई चिनें, त्यसै बेलादेखि मैले उनको आदर गर्न थालेको थिएँ । तिमी पनि त आइसेकको तारिफ गरिरहन्थ्यौ नि ! वास्तवमा बेन्जामिन आइसेक अरूको सेवा गर्न नै जन्मेका हुन् जस्तो मलाई लाग्छ । उनको घरमा गएपछि यी सबै दृश्य एकएक गरी देखिन्छ । अर्काकै लागि हिँड्नु मात्र उनी तथा उनका छोरा श्याम, जोनी र छोरी ग्ल्याडेसको काम हो झैं मलाई लाग्छ ।

बेन्जामिन आइसेकको घरमा ब्रेकफास्ट गरेपछि छोरी ग्लाडेसलाई लिएर म कञ्चनजङ्घालाई भेट्न उसको कलेज गएँ । ग्लाडेसको यो तेस्रो वर्षको इन्जिनियरिङ पढाइ भए तापनि उनी क्लास छोडेर मसँग कञ्चनजङ्घालाई भेट्न पोरुरस्थित अल्फा आर्टस् एन्ड साइन्स कलेज गएकी थिइन् । हामी छोरो पढ्ने कलेज पुग्दा बिहानको ११ बजिसकेको थियो ।

कञ्चनजङ्घासँग मेरो भेट भएपछि उसलाई लिएर हामी फेरि बेन्जामिन आइसेकका घरमा आयौं । बेलुकाको तीन बजिसके तापनि हामीले त्यस दिनको लन्च बेन्जामिन आइसेकको घरमा गऱ्यौं । त्यसपछि मैले सोचें– 'चेन्नाईमा केही दिन त छोरासँगै बस्नुपर्ला । त्यसैले होटेल वा लजमा बस्नु नै उचित हुन्छ ।' तर आइसेकले मेरो प्रस्ताव अस्वीकृत गरिदिए । उनी उनकै घरमा बस्न मसँग जोड गरिरहेका थिए । अनि धेरै तर्कवितर्क गरिसकेपछि मात्र म त्यहाँबाट फुत्कन सफल भएँ । वास्तवमा मैले जीवनमा आइसेकलाई आवश्यकताभन्दा धेरै नै बढी दुक्ख दिइसकेको थिएँ । त्यसैले उनलाई थप दुक्ख दिन मेरो मनले मान्दै मानेन । चेन्नाईमा केही दिन बस्ने भएपछि डेरा खोज्नुमै मैले आफ्नो हित हुने देखें । घाँटी हेरेर हाड निल्ने हिसाबमा मैले डेरा पनि सस्तो नै खोज्नुपर्थ्यो । त्यसैले मैले ग्लाडेसलाई भनें– 'यता नजिकै कतै डेरा भेट्टिए पनि

हुन्थ्यो । होटेलमा बस्ता ढाड सेकिन्छ ।' ग्लाडेसले मेरो संवादको तुरुन्तै उत्तर दिइन्– 'क्यान्सर अस्पतालको त्यस मोडनेर कोठा छ होला अङ्कल ! अस्ति मेरो साथीका अभिभावक पनि औषधि गर्न त्यहाँ बसेजस्तो लाग्थ्यो ।' त्यसपछि हामी डेरा खोज्न ग्लाडेसलाई लिएर त्यतातिर गयौँ ।

साँच्चै ग्लाडेसले लिएर गएको ठाउँमा कोठा पनि भेट्टियो । भुइँतलामा एउटै कोठा खाली रहेछ । हामीले कोठाको मोल पनि छिन्यौँ; दैनिक हिसाबमा बस्ता दिनको पचहत्तर रुपियाँ भन्ने कोठाको मोलतोल भयो । अनि आजैदेखि यस कोठामा बस्ने हामीले निर्णय गऱ्यौँ । हामीले आफ्नै हिसाबमा हाम्रो डेरामा आफ्ना झिटीमिटी थन्क्यायौँ । अनि राति मैले डेरैमा बसेर तिमीलाई यो चिठी लेखेँ । वास्तवमा हामीले यस डेरामा सुत्ने डसना पनि ओछ्याउन सकेका छैनौँ । त्यसैले हामी बाबु छोरा आज तन्ना ओछ्याएर गुन्द्रीमा सुत्तै छौँ । मैले तिमीलाई चिठी लेख्तालेख्तै कञ्चनजङ्घा त निदाइ पनि सक्यो । म भने अब कसरी निदाऊँ, कुन्नि !

इन्दिरा ! म काठमाडौँदेखि हिँडेपछिको प्राय: प्रत्येक घटना त्यति सहज र सरल भएन । यस यात्रामा अझै मैले कति झन्झट बेहोर्नुपर्ने हो, थाहा छैन ।

तिमीलाई माया गर्ने
तिम्रो नरेन्द्र

# चार

**पुन्डलुम, पोरुर, चेन्नाई**
**२० डिसेम्बर २००४**

प्यारी इन्दिरा !

यसपालिको भ्रमणमा मैले एउटा अनौठो जीवन बिताएँ । जीवनमा बामे सर्दै जाँदा कहाँ, कता र कसरी पुगिँदो रहेछ । परदेशी जीवन बिताउँदा मैले यसपालि पनि एकै रातमा एउटा राम्रो अनुभवको सङ्ग्रह गरेँ । जुन दिन मैले चेन्नाईमा प्रवेश गरेँ त्यसै दिनदेखि अथवा भनौँ, १६ डिसेम्बरदेखि आज बिहानसम्म हामी बाबुछोराले भोगेका केही दुःखद र केही सुखद घटना लेखिपठाएको छु ।

अड्डियारको आइआइटीमा हामीले खोजेको डेरा झन्डै ८x१० फुटको कोठा थियो । त्यस कोठाको छेउमा एउटा ३x६ फुटको भान्सा पनि थियो र कोठाभित्रै एउटा सानो बाथरुम थियो । कोठाको महत्त्वपूर्ण विशेषता– त्यहाँ झ्यालको बन्दोबस्त थिएन । कोठाभित्र एउटा झ्याल त थियो तर त्यो झ्याल उघ्रँदैनथ्यो र मैले चाहिँ त्यो खोलेपछि थाहा पाएँ त्यो नाउँ मात्रको झ्याल रहेछ । त्यस झ्यालको काम के रहेछ भने त्यहाँ छेउ घरका चार तलाको फोहर फालिँदो रहेछ र त्यस झ्याललाई फोहर सोहर्न जाने ठाउँ बनाइएको रहेछ । त्यो खोलेपछि लामखुट्टे एक्कै चोटि भुरुरुरु कोठाभित्र पस्थे । त्यति मात्र होइन, त्यो झ्याल खोलेपछि कोठामा सिनु गनाएर बसिनसक्नु

हुन्थ्यो । यी कारण जोडिएर हामीले झ्याल नखोली बस्ने निर्णय गऱ्यौँ । त्यसैले एकातिर गुम्म परेको कोठामा पङ्खाको सहारामा समय बिताउनुपर्ने र अर्कातिर कोठाको भित्तो छुन मिल्दैनथ्यो । विशेष गरेर हामी बसेको कोठा नयाँ रङले रङ्गाइएको थियो । खोइ, कस्तो रङ हो जहाँ छोए पनि रङ टाँस्सिइहाल्थ्यो । त्यस कोठामा सरेकै दिन मेरो र छोराका लुगाभरि पहेँलो रङ टाँस्सिएको थियो ।

खानपान गरेर कोठाको बन्दोबस्त गरेपछि हामी साँझमा फेरि छोराको कलेज गयौँ । त्यहाँ छात्रावासको वार्डेन जगदीशचन्द्र बोससँग मैले छोरालाई केही दिन मसँगै बस्न दिन अनुमति मागेँ । त्यसपछि हामी हाम्रो डेराका लागि डस्ना खोज्नतिर लाग्यौँ । पोरुर सबै चहारिसक्दा पनि हामीले डस्ना भेट्टाउन सकेनौँ । राति आठ बजिसकेकाले टुङ्गामा पुग्न बस नपाइने डर थियो । त्यसैले हामी किनमेलबिना नै सरासर डेरामा पुग्यौँ । त्यसैले त्यस रात पनि हामी गुन्द्रीमा तन्ना ओछ्याएर नै सुतेका थियौँ ।

इन्दिरा ! त्यो राति पनि निक्कै बेर मलाई निद्रा लागेन । कञ्चनजङ्घा भने सुत्नेबित्तिकै निदाइहाल्यो । मचाहिँ घरी देब्रेतिर फर्कन्थेँ र घरी दाहिनेतिर फर्कन्थेँ तर जसो गरे तापनि म निदाउनै सकिनँ । वास्तवमा त्यस रात म गुन्द्रीले घोचेर पनि सुत्न नसकेको हो । हुन त म पनि कञ्चनजङ्घाको उमेरमा ढुङ्गामा सुत्ता पनि निदाउँथेँ तर अब हड्डी बूढो भएर होला सायद त्यस रात मलाई घचपच घचपचको मात्रै निद्रा लागेको थियो । अघिल्लो रात पनि रेलमा निदाउने अवस्था थिएन र रेलस्टेसनमा पनि निदाउने प्रसङ्ग थिएन । त्यसैले लगातार दुई रातको निद्रा खप्टेर मेरो शरीर भद्रासरि थियो । वास्तवमा त्यस रात मलाई बिहानी कुर्न नै अत्यन्तै गाह्रो भइसकेको थियो ।

•

कञ्चनजङ्घा र म बस चढेर छोराको कलेज गयौँ । यहाँको बस यात्राको पनि बेग्लै विशेषता छ । यहाँको बसमा कन्डक्टरले पनि यात्रीसँग पैसा उठाउन आउँछ । ऊ पैसा उठाउन यात्रुसमक्ष आइपुगेन भने यात्रीले नै कन्डक्टर भएको ठाउँमा पुगी पैसा बुझाएर टिकट लिनैपर्छ । पैसा नतिरीकन यात्रीका खुट्टाले भूइँ टेक्यो भने धेरै नोक्सान बेहोर्नुपर्ने पनि हुन्छ । भनौँ, यदि यात्रीले पैसा तिरेको छैन र त्यसै समयमा चेकिङमा परियो भने पाँच सय रुपियाँसम्म जरिमाना तिर्नुपर्ने हुन्छ र चेकिङले गर्न सक्ने अरू कुनै पनि किसिमको सजाय पनि भोग्नुपर्ने हुँदो रहेछ । त्यसैले यहाँ बस चढेपछि यात्रीको पहिलो कर्तव्य कन्डक्टरलाई पैसा बुझाउनुपर्ने नै हुँदो रहेछ । यसै कारण त्यहाँ कन्डक्टरलाई पैसा बुझाउने यात्रीको तँछाड र मछाड हुँदो रहेछ । हामीले बसमा पाइला राख्नेबित्तिकै छोराले पोरुरसम्मको दुई जनाको भाडा जम्मा नौ रुपियाँ तिऱ्यो ।

चेन्नाईमा बसको अनुपातमा टेम्पो (अटो)मा पच्चिसौँ गुना बढी पैसा तिर्नुपर्छ । अनि समयको हिसाबले पनि टेम्पो र बसले झन्नै एकै समयमा निर्दिष्ट स्थानमा यात्रीलाई पुऱ्याउने गर्छन् र यहाँ बसको सुविधा पनि अधिक नै रहेछ । त्यसैले हामी अड्डियारबाट पोरुरसम्म बसमा नै गयौँ । अड्डियारबाट करिब पैँतालिस मिनेट बस गुडेपछि पोरुरस्थित रामचन्द्र अस्पतालअगाडि पुगियो । रामचन्द्र अस्पतालबाट हिँडेर हामी छोराको कलेज पुग्यौँ । कलेजमा छोराको काम सकिएपछि त्यहाँबाट हामी डस्ना किन्न सीधै टिनगर गयौँ ।

•

टिनगर चेन्नाईको अर्को एउटा प्रमुख सहर हो । यहाँ प्राय: हरेक कुरा पाइन्छ । फलफूलदेखि कपडा, गरगहनासम्म पनि यहाँ अरू ठाउँमा भन्दा केही सजिलो गरी किन्न सकिँदो रहेछ । यहाँको बजार सस्तो बजारमा पनि प्रमुख मानिन्छ । मैले टिनगरमा डस्ना मात्र किनिनँ; बाटामा हिँडिरहेको बेला गान्धी, नेहरू, मदर टेरेसा

आदिका जीवनीका किताब पनि देखेँ र किनेँ । वास्तवमा मलाई जीवनी पढ्ने सौख पनि छ ।

हामी भारत भन्नु हिन्दी भाषाले पोतिएको राष्ट्र भन्ने गर्छौं तर अचम्मको कुरा के हो भने चेन्नाईमा हिन्दी भाषाका किताब र पत्रपत्रिका केही पनि पाइँदैनन् । यहाँ जति पाइन्छन् तामिल र अङ्ग्रेजी भाषाका लिपिका कागज मात्रै पाइन्छन् । त्यति मात्र होइन, खास गरेर चेन्नाईमा हिन्दी भाषा बोल्ने मान्छे नै प्राय: भेट्टिँदैन । कथङ्कदाचित् त्यस कोटिका मान्छे भेट्टिए भने तिनीहरूलाई हेय दृष्टिले हेरिँदो रहेछ । यस ठाउँमा हिन्दी भाषाका चलचित्र पनि देखाइँदैनन् र हिन्दी भाषाका गीत पनि गाइँदैनन् । यहाँ अङ्ग्रेजी र तामिल भाषालाई मात्र औपचारिक र सार्वजनिकीकरण गरिएको रहेछ ।

•

टिनगरबाट डस्ना किनेर हामी हाम्रो डेरामा पुग्यौँ । त्यस बेलासम्ममा रातको आठ बजिसकेको थियो । त्यस रात हामी डस्ना ओछ्याएर सुत्यौँ तर त्यस रात पनि मलाई निद्रा लागेन । त्यस रात पनि मलाई लामखुट्टेले टोकेर हैरान पारेको थियो । हुन त अघिल्लो रात पनि हामीलाई लामखुट्टेले दुक्ख दिएकै थियो तर गुन्द्रीको घोचाइ र लामखुट्टेको टोकाइमा कुनचाहिँ बढी दु:खदायी हुन्छ भन्ने निर्क्यौल गर्न सायद मैले सकेको थिइनँ । राम्रो डस्नामा सुत्न पाएपछि पनि लामखुट्टेको सङ्गीतले मलाई निदाउनै दिएन । मैले अघिल्लो दिन नै तरल पदार्थको लामखुट्टे भगाउने औषधि Good Knight किनेको चाहिँ थिएँ तर त्यसले मरेकाटे पनि चेन्नाईका लामखुट्टे चटपटाउँदा पनि रहेनछन् । चेन्नाईमा बलियाबलिया लामखुट्टेका लागि त धूवाँ आउने हरियो अथवा कलेजी रङको चक्रदार धूपको धुनी नै जगाउनुपर्ने रहेछ । अनि मध्यरातमा चक्रदार

धूप किन्न जाने कुरै भएन । त्यसैले त्यो रात पनि मैले अनिदोमै बिताउनुपऱ्यो । भोलिपल्ट चाहिँ हामीले हाम्रो कोठामा चक्रदार धूपको धुनी जगायौँ । एकै पटक दुईओटा चक्रदार बालेपछि लामखुट्टेको दोहोलो काढिएछ क्यारे, त्यसपछि जेनतेन निदाउन सकियो तर त्यस प्रकारको निदाइ पनि हाम्रा लागि सहज थिएन । किनभने लामखुट्टे उडाउने धुनी जगाएपछि आँखा पोल्ने र खार आउने सन्दर्भ पनि हामीसँगै प्रत्यक्ष जोडिएको विषय नै थियो ।

इन्दिरा ! त्यस डेरामा त रात बिताउन पनि मलाई कठिन पर्थ्यो नि ! त्यहाँ अक्सिजन सुँघ्न पनि पाइँदैनथ्यो । त्यस कोठामा खालि एकोहोरो पङ्खाको हावा मात्र हुन्थ्यो । बाहिरको प्राकृतिक हावा खानुपर्दा दैलो नै खोल्नुपर्थ्यो । मेरो त पङ्खामा सुत्ने बानी पनि थिएन । त्यसैले त्यहाँ बसुन्जेल पङ्खाको हावाले मेरो टाउको दुखिरहन्थ्यो । पातलो कपडाले जति टाउको बेरे पनि रातभरिको एकनासे पङ्खाको हावाले हानेर बिहान भएपछि म बिरामीजस्तै हुन्थेँ । मेरो मुखाकृति देखेपछि कञ्चनजङ्घा पनि निन्याउरो अनुहार लगाउँथ्यो र भन्थ्यो– 'बुबा ! हामी पुन्डलुममा मेरो साथीको डेरामा नै बसौँ न !'

•

चेन्नाईमा खानाको हकमा म आफ्नो हिसाबदेखि यताउति कतै चुकेको छैन । काठमाडौँमा झैँ हामी यहाँ पनि बिहान दाँत मोल्नेबित्तिकै एकएक गिलास पानीमा एउटाएउटा कागती निचोरेर खान्छौँ; त्यसको एक घण्टामा एउटाएउटा स्याउ खान्छौँ र त्यसको एक घण्टामा नास्ता गर्छौं । भात खाने बानी परेकाले हामी दिउँसो चाहिँ भातै खान्छौँ । चेन्नाईमा विविध प्रकारले भात खान पाइन्छ । यो बेहोरा तिमीले पनि अनुभव गरेकै विषय हो । हामी पनि होटेलमा सादा केराको पातमा भात खाने गर्छौं । केराको पातमा भात खानु हामी नेपालीका लागि नौलो प्रसङ्ग पनि हो । त्यो विषय हामी

बाबुछोरा दुवैलाई मन पनि पर्छ । त्यसैले केराकै पातमा भात दिने खाले होटेलमा हामी प्राय: जाने गर्थ्यौं । त्यस रीतले चार छाकजति हामीले त्यस्तै कोटिका होटेलमा भात खायौँ ।

चेन्नाईमा धेरैजसो मध्यमस्तरीय होटेलहरूका टेबुलमा केराको पातमाथि भात खुवाउँदा रहेछन् । एक प्रकारले त्यो तरिका मलाई मन पनि पर्‍यो तर यहाँका मान्छे सफा हुन् जस्तो चाहिँ मलाई लागेन । टेबुलबाट भात खाएर उठेपछि मैलो कपडाले टेबुल पुछिँदो रहेछ र त्यसैमा अर्को मान्छे गएर बस्तो रहेछ । त्यसै रीतले हामी पनि त्यस्तै कुर्सीमा बस्यौँ । त्यहाँ हामीले केराका पातमा भात खायौँ । भोलिपल्ट फेरि हामी अर्को होटेलमा गयौँ, त्यस होटेलको रीत पनि त्यस्तै रहेछ । मीठो त्यस्तै, फोहोर त्यस्तै र टेबुल त्यस्तै, त्यहाँको खानपानको चलन त्यस्तै रहेछ । खाने क्रममा म अलिक सचेत भएर होला, कहीँ त केही दिगमिग पनि लाग्यो तर यस्ता कुरामा कञ्चनजङ्घा ढुक्क छ, उसलाई चाहिँ त्यतिसारो फरक पर्दैन । वास्तवमा उसलाई अघाउन्जेल भात खान पाए पुगिहाल्छ ।

इन्दिरा ! पछिल्ला दिनमा हामीले प्राय: रामचन्द्र मेडिकल अस्पतालको क्यान्टिनमा भात खायौँ । त्यहाँ अत्यन्तै सफा खाना खान पाइन्थ्यो । अघिल्लो वर्ष तिमी, तान्तु र म आउँदा पनि कञ्चनजङ्घासहित चार जना यहीँ भात खान्थ्यौँ नि ! यहाँको खाना हामी सबैलाई मन पर्थ्यो । यसपालि चाहिँ छोराले यहाँ नखाऊँ महँगो पनि छ भन्थ्यो तैपनि हामीले अस्पतालको क्यान्टिनमा नै प्राय: खाना खायौँ । उसको कलेज त्यस छेउमै भएकाले हामीलाई अन्त खाना खान पायक पनि पर्दैनथ्यो । हो, मीनाक्षी होटेलमा भात खाने रहर पनि हामीले गरेका थियौँ । अघिल्लो वर्ष मीनाक्षीको खाना छोरा र छोरीले खूबै मन पराएका थिए नि ! तर यसपालि त्यस ठाउँमा जान हाम्रो बाटो नै परेन । वास्तवमा केही महँगो भए

तापनि मीनाक्षीमा पनि यहाँका अन्य खुद्रा होटेलमा भन्दा राम्रो र कल पर्ने खाना खान पाइन्थ्यो नि, हकि !

•

रामचन्द्र अस्पताल चेन्नाईका नाउँ चलेका र ठूला अस्पतालमध्ये एक हो । यहाँ औषधविज्ञानको विषय पनि पढाइन्छ भने एमबीबीएसको अध्यापनका लागि यो अस्पताल निक्कै चर्चित पनि रहेछ । यस अस्पतालको कम्पाउन्ड मलाई हाम्रो सिंहदरबारको क्षेत्रभन्दा ठूलो लाग्यो । त्यत्रो ठूलो परिसर रूखैरूख, बोटैबोट र फूलैफूलले झकिझकाउ देखिन्थ्यो । मलाई यो अस्पतालको परिसर काठमाडौँको सोल्टी होटेल, अन्नपूर्ण होटेल अथवा याक एन्ड यति होटेलझैँ सफा जस्तो लाग्यो । यतिका मान्छे ओहोरदोहोर हुने, यतिका सवारीसाधन भित्रबाहिर गर्ने र त्यतिको जनसङ्ख्या भएको अस्पताल पनि सफा, राम्रो र हेरिरहूँ जस्तो देखिन्थ्यो । यस अस्पतालको उत्तरदक्षिणको पर्खाल सकिएपछि उत्तरी भागमा कञ्चनजङ्घाको कलेज आउँछ । अस्पतालमा चारैतिर पर्खाल लगाइएको छ । अस्पतालबाट हिँडेर छोराको कलेज जान चाहिँ पन्ध्रबीस मिनेटजति लाग्छ ।

•

म चेन्नाई बस्दा क्रिसमसका लागि कार्यक्रमको मस्यौदा पनि बनिरहेको थियो । त्यसैले श्रीमती प्रा.रेवती थोमसको अनुरोधमा छोरा र मैले यस अस्पतालकै एउटा सभागृहमा क्रिसमस कार्यक्रमको अभ्यास (रिहर्सल) कार्यक्रम पनि हेरेका थियौँ । यहाँ क्रिसमस आउनुभन्दा अघिदेखि यसरी अभ्यासका कार्यक्रम चलाइँदो रहेछ । यहाँ क्रिसमस अत्यन्तै ठूलो चाडको रूपमा मनाइँदो रहेछ । त्यसैले श्रीमती थोमसले हामीलाई धेरैभन्दा धेरै आग्रह गरेर त्यस कार्यक्रममा समाविष्ट गराएकी थिइन् ।

प्रा.रेवती थोमससँग मेरो चिनाजान जोन भिक्टरमार्फत भएको थियो । म लेखक पनि भएकाले श्रीमती थोमसले मप्रति झनै शिष्टाचार देखाएकी थिइन् । मैले उनलाई मैले लेखेको 'पारिजातको जीवनकथा'को अङ्ग्रेजीमा अनुवादको कृति 'The legend of Literature' (A biography of Parijat) पनि दिएको थिएँ । त्यति बेला ग्ल्याडेसले गर्दा उनकी दिदी पर्ने रेबोरा बहिनीसँग पनि मैले परिचय गरेको थिएँ । तीमध्ये मलाई रेवती थोमस विशेष मन परेकी थिइन् । उनी रामचन्द्र मेडिकल कलेजकी प्राध्यापक र विभागीय प्रमुख रहिछन् । उनी सादा जीवन र उच्च विचारकी थिइन् । उनी बोलेपछि मलाई कुनै तेस्रो शक्ति नै बोलेझैँ लाग्थ्यो । साँच्चै हो इन्दिरा ! उनको बोलीको ताकतले लत्र्याकलुत्रुक परिँदो रहेछ । कञ्चनजङ्घा पनि भन्थ्यो– 'रेवती म्याम बोलेपछि सुनिरहूँ लाग्छ, कस्तो राम्रो बोल्ने !' बोल्ने मात्र होइन उनी मिलनसार पनि थिइन् । साथै मैले रेवती थोमसमार्फत ब्याङ्लोरका सांस्कृतिक लेखक तथा अन्वेषक आशिषमोहन खोकरलाई पनि चिन्न पाएँ । त्यसपछि खोकरसँग मेरा केही पत्राचार पनि भए ।

अढियारमा चार दिन बिताएपछि म छोराको आग्रहमा लागेँ । म चेन्नाई टेकेको दिनदेखि ऊ सुमितको नाम घोकिरहन्थ्यो । त्यसैले म चेन्नाई आएको पाँचौँ दिन छोरासँग सुमित कार्कीको डेरा भए ठाउँ पोरुरको उत्तर दिशामा रहेको पुन्डलुम आएँ । यस डेरामा आएपछि चाहिँ मैले शान्तिको सास फेरेँ । त्यसैले यहाँ आएर मैले सबैभन्दा पहिला तिमीलाई चिठी लेखेँ ।

तिमीलाई माया गर्ने
तिम्रो नरेन्द्र

# पाँच

फुन्डलुम, पोरुर, चेन्नाई

२३ डिसेम्बर २००४

प्यारी इन्दिरा !

आज राति मैले सपनामा राजा महेन्द्रलाई देखेँ । मलाई आश्चर्य लाग्यो । मैले के कारणले यस्तो विरहको सपना देखेँ, मलाई थाहा छैन । सपनामा राजा महेन्द्र खूबै चिन्तित भएको मैले पाएँ । सपना देखेर बिहान बिउँझेपछि म निक्कै बेर आफ्नै देशका विषयमा घोरिइरहेँ । देश बरबादीको सङ्घारमा कुदिरहेको प्रसङ्गमा मेरो गिदी निकै बेर छचल्किरह्यो । आफूलाई खूबै चेतनशील, बुद्धिजीवी र टाठाबाठा ठान्नेहरूले नेपालको भविष्यको विषयमा के सोचिरहेका छन् कुन्नि ! वास्तवमा सबैले आआफ्नो फुर्ती मात्र हाँकिरहेको देखिन्छ । नेपालको सर्वाङ्गीण विकास र नेपालीको सुक्ख, समृद्धि चिताउने मान्छेको खूबै अनिकाल लागेकाले गर्दा आज यस स्थितिको सिर्जना भएको हो जस्तो मलाई लाग्छ ।

••

हामी बसेको कोठाको छिमेकीले आज बिहानैदेखि उसकी स्वास्नी कुटिरहेको छ । लोग्नेचाहिँ कालो, बलियो, मोटो र अग्लो छ, अनि स्वास्नीचाहिँ पातली छे । लोग्नेचाहिँ हिस्सी नपरेको छ र

स्वास्नीचाहिँ हँसिली छे । स्वास्नीचाहिँ घरीघरी हामीलाई उसले बनाएको दक्षिणभारतीय खानेकुरा पनि खुवाउने गर्थी । उनीहरूकी एउटी पाँच वर्षीय छोरी चन्द्रकला छे । ऊ मसँग ठट्टा गर्न हिजोअस्ति मेरा कोठामा आइरहन्थी । आज बिहानैदेखि त्यही चन्द्रकलाकी आमाचाहिँ लोग्नेको कुटाइ खाएर रोइरहेकी छे । त्यस घटनाले मेरो मनलाई पनि तनावमा पारेको छ तर यहाँ मैले गर्न सक्ने केही छैन । 'बुबा ! त्यो अन्टी कस्ती सोझी छ । उसको लोग्नेले उसलाई प्राय: सधैँ कुटिरहन्छ ।' कञ्चनजङ्घाले पनि त्यस आइमाईले लोग्नेको कुटाइ खाएकोमा मलाई भनेको थियो ।

हुन त हाम्रो नेपालमा पनि लोग्नेले स्वास्नी कुट्ने चलन छ । गाउँठाउँ, सहरटोल जतातत‍ै अझै पनि पुरुषद्वारा नारी हिंसा भएकै देखिन्छ । आफैँलाई जन्माउने, हुर्काउने र लालनपालन गर्ने नारी जातिमाथि हातपात गर्ने पुरुष जातिलाई कसरी सभ्य भन्न सकिएला र ? त्यस्ता पुरुषहरू मानवको परिभाषामा कसरी पर्न सक्छन् होला र ? आफ्नै देशको सेरोफेरोमा यस्ता पुरुषहरू देख्ता मलाई अझै पनि पुरुष भएकोमा थप वितृष्णा हुने पनि गरेको छ । यस विषयमा तिमी र मबीच कैयौँ पटक चर्चा, परिचर्चा र विमर्शहरू भइ नै रहे । तिमी पनि पुरुष र नारी दुवैले एकअर्काको सहअस्तित्वको कदर गर्नुपर्छ भन्छ्यौ । मैले पनि सधैँ नारी जाति अर्थात् आमा जातिलाई शिरमा बोक्तै हिँड्ने सिद्धान्त र व्यवहार बनाइरहेँ ।

•

अहिले बेलुकाको पाँच बजेको छ । हामी बसेको डेराको छतमा बसेर म तिमीलाई चिठी लेखिरहेको छु । यहाँ आज दिउँसो निक्कै ठूलो हावाहुन्डरी आएको थियो तापनि अहिले सिरिरिरी चिसो तर मीठो बतास चलिरहेको छ । त्यस बतासले मलाई जाडो त भएको छैन तर राम्ररी चिसोचाहिँ आइरहेको छ । पुस महिनामा

पनि वास्तवमा यस ठाउँमा पूरा बाहुला भएको सर्ट आजसम्म मैले लगाएको छैन तर गर्मी पनि त्यतिचाहिँ छैन । भनौँ– अहिले यहाँको गर्मी पङ्खा नखोले पनि हुने खालको छ । कोठाबाहिर निस्क्यो भनेचाहिँ चिसो हावा आइरहन्छ । आज दिउँसोको तापक्रम अधिकतम ३० डिग्री र न्यूनतम २२ डिग्री सेल्सियस भए तापनि यहाँ समुद्र भएकाले हावाचाहिँ मजाले चल्छ र चिसो हावा नै चलिरहन्छ ।

म अहिले छतबाट पूर्वदक्षिणतिर रामचन्द्र मेडिकल कलेज देखिरहेको छु । यहाँबाट हिँडेर त्यहाँसम्म जानुपर्दा म प्राय: दृश्यपान गर्दै हिँड्ने गर्छु । हामी बसेको डेराबाट त्यहाँ जान मोटर अथवा बसको सुविधाचाहिँ छैन । त्यसैले त्यतातिर लाग्दा यतातिरबाट हिँडेर नै जानुपर्छ । यो ठाउँ हाम्रो नेपालजस्तो छैन । नेपालमा त सहरबाट दुर्गम जाँदा क्रमश: क्रमश: र क्रमश:का परिच्छेद पार गर्दा मात्र क्रमश: अनकन्टार ठाउँमा पुगिन्छ तर यहाँ त त्यहीँ रामचन्द्र अस्पताल कति सुगम छ भने करिब दुई किलोमिटर वरको यो पुन्डलुम कति दुर्गम छ । हुन त यहाँ नयाँ बस्तीको सुरुवात भइसकेको रहेछ । यहाँ नयाँ घरहरू अनगिन्ती बनिरहेका छन् । यहाँ बनेका घर सायद चारपाँच वर्ष पुराना पनि छैनन् । पुन्डलुमतिर पुराना घरहरू प्राय: फुसका हुँदा रहेछन् । यहाँका घरका आकार हाम्रो पहाडी क्षेत्रका जस्तै छन् तर हाम्रो पहाडका घरभन्दा यहाँका घरका धुरी ठाडा हुँदा रहेछन् । साथै त्यस्ता फुसका घरहरू हाम्रो पहाडका जस्तैं दुईतीन तला नभएर प्राय: एक तलाका मात्र हुँदा रहेछन् ।

इन्दिरा ! चेन्नाईका घरहरूमा सधैँ पूजा गर्ने चलन रहेछ । यहाँका मान्छे धनी गरिब जोसुकैले पनि आआफ्नो घरको परिसरको दैलोबाहिरको बीच भुइँमा पीठोले षट्कोण अर्थात् विभिन्न ढाँचाका नक्सा बनाई पूजा गर्दा रहेछन् अनि षट्कोणको बीचमा एउटा फूलको थुँगो राखिँदो रहेछ । त्यो रीत यहाँको दैनिक कार्यमा नापिँदो

रहेछ । यहाँका आइमाई मान्छेहरू खास गरेर पूजाआजामा व्यस्त भएको मैले देखेँ । यस बेला काठमाडौँका केही घरहरूका दृश्यहरू पनि मैले सम्झेँ । हाम्रातिर पनि धर्मकर्ममा महिलाकै बाहुल्य भएको मलाई थाहा छ ।

चेन्नाईका नारी जातिको हाउभाउ साह्रै सरल देखिन्छ । उनीहरूको पोसाकमा उच्छृङ्खलता हुँदैन । यहाँका नारीहरू मेकअप पनि गर्दैनन् भनेर म यहाँ आउनुअघि तिम्रै मुखबाट सुनेको थिएँ । हो रहेछ, मैले चेन्नाईमा एउटी नारीले पनि क्रिम र पाउडर लाएको देखिनँ । प्राध्यापक, अध्यापक, डाक्टर, इन्जिनियर, व्यापारी र अन्य कुनै पनि महिलाका गालामा कुनै रातो सेतो रङ दलेको मैले देखिनँ । बरु पुरुष र स्त्रीहरूका निधारमा ठूलाठूला बिगुत अथवा सेता टीका देखेँ । यहाँका आइमाईका ओठ पनि प्राकृतिक सुन्दरतामै कायम राखिँदो रहेछ । हाम्रोतिर झैँ यता त कसैले पनि लिपिस्टिक नै लगाउँदा रहेनछन् ।

इन्दिरा ! हामी बसेको ठाउँ अर्थात् पुन्डलुमको महत्त्वपूर्ण विशेषता के हो भने यो ठाउँ हरियालीले ढपक्कै ढाकिएको रहेछ । हामी बसेको उत्तरपट्टि पाँच मिनेट पैदल जाँदा आँपबगैँचा भेट्टिन्छ तर हाम्रो डेराबाट हेर्दा त्यो ठाउँ जङ्गलले घेरिएको देखिन्छ । वरिपरि प्रत्येकले घरघरमा रूख रोपेको देखिन्छ । यस ठाउँमा नरिवलका रूखहरू नभएको घरचाहिँ मैले देखिनँ । चेन्नाईको महत्त्वपूर्ण विशेषता के छ भने यहाँका मान्छेहरू आफ्ना घर, आँगन र बाटाहरूमा रूख लगाउँदा रहेछन् । त्यसैले होला सहरबजारमा त्यति बिघ्न मोटरहरू गुडे तापनि यहाँ प्रदूषणको आभासै हुँदैन । यस ठाउँमा मैले किन हो कुन्नि त्यतिसारो सुपारीको बोटचाहिँ देखिनँ; हामी बसेको ठाउँ अलिक भित्र भएर पो हो कि !

•

डेराबाहिर जाँदा र भित्र आउँदा यसपालि पनि हामीले खूबै नरिवलको पानी, अनार, अम्बा र मेवा खायौँ । यस ठाउँमा मेवा त साह्रै सस्तो पर्दो रहेछ । तीन रुपियाँको मेवाले दुई जना टन्नै अघाइँदो रहेछ । सस्तो पनि, मीठो पनि भएकाले म यहाँ प्राय: मेवा खाइरहन्छु । छोरालाई पनि मेरो रुचि मन पर्छ । ऊ पनि फुट्टै कतै बाहिर गइहाल्यो भने हातमा मेवा नै लिएर डेरा आउँछ । यहाँ अम्बा पनि सस्तो पाइँदो रहेछ तर नरिवलको पानीचाहिँ बाह्र र पन्ध्र रुपियाँ पर्ने भएकाले हामी त्योचाहिँ त्यति खाइहाल्दैनथ्यौँ ।

•

चेन्नाईका मान्छेलाई पिसाब आयो भने भित्तातिर फर्कंदा रहेछन् । अनि यो काम महिलाहरूबाट चाहिँ गरिँदो रहेनछ । हामी बसेको ठाउँकै कुरा गर्ने हो भने यहाँ पनि नेपालको कालीकोट जिल्लाको डिल्लीकोट जस्तै दिसापिसाबको सडक रहेछ । त्यहाँ उमेर पुगेकाले पनि बाटामा दिसा गर्थे भने यहाँ बालबच्चा र केटाकेटीले मात्र बाटामा दिसा बस्ने प्रचलन रहेछ । बिहान हरेकका बाबुआमाले आफ्ना छोराछोरीलाई पिचरोडमा लगेर राख्ता रहेछन् । त्यसैले पुन्डलुमका पिचरोडमा राति हिँड्दा दिसामा टेकिने डर रहेछ । हाम्रो राजधानीको बागबजार र भक्तपुर सहर पनि पहिलापहिला प्राय: दिसापिसाबकै थलो हुने गरेको मैले देखेको थिएँ । नारायणमान बिजुक्छेँ 'रोहित'को उदय हुनुअघि भक्तपुर सहरमा हिँड्दा सुँगुरका लिँडसँग जोगिएरै हिँड्नुपर्ने अवस्था थियो । २०३६ सालअघिसम्म पनि पुतलीसडकबाट रत्नपार्क जाने क्रममा बागबजारको दक्षिणतिरको बाटोमा पनि मान्छे हिँड्दैन थिए । किनभने त्यस बाटोमा दिसापिसाबले गर्दा टेकिसक्नु हुँदैनथ्यो । त्यसैले पद्मकन्या कलेजको अगाडिपट्टिबाट मात्र मान्छे हिँड्थे ।

पुन्डलुमको अर्को विशेषता के रहेछ भने यस ठाउँका मान्छेहरू प्राय: जुत्ता, चप्पल लगाउँदा रहेनछन् । केटाकेटीहरूका खुट्टामा

त मैले जुत्ता, चप्पल नै पनि देखिनँ । अल्फा आर्टस् एन्ड साइन्स कलेजमा पढ्ने विद्यार्थीबाहेक सरकारी स्कुलहरूमा पढ्ने विद्यार्थी प्राय: जुत्ता, चप्पल नलगाई स्कुल जाँदा रहेछन् । हुन त अल्फा कलेजका एकदुई जना विद्यार्थी पनि जुत्ता, चप्पल नलगाई कलेजभित्र छिरेको मैले देखेँ तर धार्मिक कारणले उनीहरूले जुत्ताविहीन हुनुपरेको भन्ने पनि मैले सुनेँ ।

अल्फा कलेजका केही दृश्य मलाई राम्रा लागे । घन्टी लागेपछि कुनै पनि विद्यार्थी प्रिन्सिपल डा.के.पी.जोनीको स्वीकृतिबिना कक्षाभित्र पस्न पाउँदो रहनेछ । त्यसैले त्यहाँ घन्टी लाग्ने बेलामा पुगियो भने विद्यार्थीहरू गुटुटुटु कुदेका देखिन्थे । एक दिन कञ्चनजङ्घा पनि झोला समाउँदै गुटुटुटु कुदेर कलेज गएको थियो । कलेज लाग्ने बेलामा उसका साथी पनि उसको अगाडि र पछाडि कुदेकाकुदेकै गर्थे ।

•

अल्फा कलेज अत्यन्तै आधुनिक भवनले सुसज्जित छ । यो कलेज तीन तलामा आबद्ध छ । यस कलेजमा विद्यार्थी ओसार्ने पाँचओटा बस रहेछन् । दुईतले छात्रावास पनि कलेजकै परिसरमा छ । केटीहरूको छात्रावासचाहिँ रामचन्द्र मेडिकल कलेजछेउ रहेछ । छात्रावासमा नबस्ने र बस पनि नचढ्ने केटीहरूलाई उनीहरूका बाबुहरूले आआफ्नो मोटरसाइकलमा चढाएर यस कलेजमा ल्याइदिँदा रहेछन् । यहाँका मान्छेहरू लुङ्गी लगाएर मोटरसाइकल कुदाउँछन् । हाफप्यान्टमाथि लुङ्गी लगाउने यहाँका पुरुष जातिको चलन रहेछ । अनि लुङ्गी पनि घुँडामुनि ल्याएर दोबारेर मात्र लाउने चलन रहेछ । केही बाबुहरूले चप्पल लगाई मोटरसाइलमा छोरी चढाएर ल्याएको मैले देखेँ । कोहीकोही त चप्पल पनि नलगाई मोटरसाइकल चलाएर छोरीलाई कलेज पुऱ्याउन आउँदा रहेछन् । यहाँका मान्छे

कति सरल छन् भनेर बुझ्न मलाई यस्ताखाले विविध दृश्यले पनि सघाउ पुऱ्याए ।

•

इन्दिरा ! यस ठाउँमा हिन्दूधर्म मान्ने मान्छेहरू प्रायः निधारभरिको मधुरो सेतो (खरानीजस्तै) टीका लगाउँदा रहेछन् । महिला तथा सज्जनवृन्दले आफ्नो जातीय सांस्कृतिक परिचय दिएको बेहोरा ती मान्छे देख्तैमा परैबाट थाहा पाइन्छ । यहाँको चलन हेरेर मचाहिँ छक्कै परेको छु । हुन त ती दृश्य अघिल्लोपल्ट आउँदा तिमीले पनि देखेकी थियौ नि !

चेन्नाईमा साइकल पनि उत्तिकै चल्तीमा आउने गरेको सवारी साधन रहेछ । यहाँ साइकलमा खास गरेर लोग्नेले स्वास्नी चढाएर हिँड्ने चलन रहेछ । त्यति मात्र होइन मोटरसाइकलमा प्रायः तीन जना चढ्दा रहेछन् । हिजो छोरालाई मैले त्यस्तो एउटा दृश्य पनि देखाएँ । एउटा लुङ्गी लगाउने करिब चालिस वर्षीय युवक पछाडि दुई जना करिब तीसपैँतीस वर्षीय आइमाईहरूलाई राखेर कुदाउँदै थियो । ती दुवै महिलाका टाउकामा उस्तैउस्तै फूल सिउरिएका थिए । ती महिला साइडमा फर्केर बसेका थिए । सायद तिनीहरू सौतासौता हुनुपर्छ । त्यो दृश्य अहिले पनि मेरा आँखामा टाँस्सिएकै छन् । सहज रूपमा ती आइमाई मोटरसाइकलमा बसेको दृश्य मलाई खूबै राम्रो लाग्यो । तिनीहरूमध्ये कसैले पनि हेलमेटचाहिँ लाएका थिएनन् । यताका मोटरसाइकल चढ्नेहरूले नेपालमा झैँ अनिवार्य रूपमा हेलमेट लाउने चलन छैन । हाम्रो देशमा चाहिँ खास गरेर कमिसनको खेलले गर्दा अगाडि बस्नेले पनि हेलमेट लाउनुपर्छ र पछाडि बस्नेलाई पनि हेलमेट अनिवार्य छ । यहाँ यतिको गति (स्पिड)मा मोटरसाइकल कुदाउँदा पनि हेलमेट लगाउने चलन प्रायः रहेनछ । हेलमेट निर्यात गर्ने देशमा हेलमेट अनिवार्य नहुनु र

हेलमेटको आयातका देशमा चाहिँ अनिवार्य हुनु– बुझ्दाबुझ्दै पनि यो नबुझिने कुरा हो ।

चेन्नाईको अर्को रमाइलो विशेषता पनि देखियो । होटेलहरूमा प्राय: लोग्नेस्वास्नीले एउटै प्लेटमा भात मुसेर हातैले खाने गर्दा रहेछन् । साथै ठूलाठूला होटेलमा आयोजित बिहेको भोजभतेरमा पनि यसै गर्दा रहेछन् ।

चेन्नाईको थप अर्को विशेषताचाहिँ यहाँ कला, सङ्गीत र चलचित्रलाई पनि खूबै महत्त्व दिइँदो रहेछ । यस ठाउँमा जहिले पनि मेलोडी सङ्गीतहरू घन्किरहेका हुन्छन् । ती गीतहरू काठमाडौँमा म प्राय: शम्भुजित बाँसकोटाका सङ्गीतमा सुन्ने गर्थें । त्यति मात्र होइन, यहाँका गीत सङ्गीत सुनेपछि हाम्रो साङ्गीतिक संस्कृति धनी हुने भयो भन्नेझैँ लाग्यो । अथवा यहाँको सङ्गीतले हामी नेपालीलाई पो तानेको हो कि, मैले बुझ्न सकिन । मैले पनि आधुनिक मेलोडीको सिडी किनेर डेरामा ल्याएर बजाएँ । भाषा नबुझे पनि धूनहरू मलाई खूबै राम्रो लाग्यो ।

•

इन्दिरा ! हामी बसेको डेरामा सुमित कार्कीले गाईको दूधको बन्दोबस्त गरेका रहेछन् । म आएपछि उनले बिहान एक लिटर र बेलुका एक लिटर दूध झिकाउन थालेका थिए । त्यति बेला उनी भन्थे– 'अङ्कल ! यो शुद्ध गाईको दूध हो ।' सुरुकै दिन दूध खाएर मैले कार्कीलाई भनेको थिएँ– 'भतिज ! दूध कस्तो बाक्लो छ तर स्वाद त छैन नि !' प्रत्युत्तरमा कार्की भन्ने गर्थे– 'होइन अङ्कल ! यहाँ गर्मी भएर स्वाद नआएको हो । त्यसै बेला मैले प्रश्न गरेँ– 'दूधमा तर कतिको लाग्छ ?' उनले 'तर पनि आउँदैन तर दूधचाहिँ गाईकै हो । मैले गाई दुहेको नै देखेको छु ।'

कार्कीको मन राख्न मैले दूध त खाएँ तर वास्तवमा मैले घिनाएर त्यति बेला दूध खाएको थिएँ । इन्दिरा ! तिमीले भनेको सम्झेर मैले त्यो दूध खाने बेलामा दूधलाई गङ्गाजल सम्झेको थिएँ । भोलिपल्ट मैले डेरीको दूध ल्याएर तताएँ र कार्कीलाई देखाएँ । उनले भने– 'अङ्कल ! यस दूधमा त तर पनि लाग्यो !' उनले दूध खाएपछि फेरि भने– 'कस्तो मीठो रहेछ ! दूध त यस्तो पो हुन्छ !' मैले 'हामी गाईको दूध बन्द गरौँ' भन्ने प्रस्ताव राखेँ । कार्कीले भने– 'बाँकी रहेको त्यो गाईको दूध फालिदिऊँ अङ्कल ! मलाई त त्यो खान पनि घिन लाग्यो ।' डेरीको दूध चाखेपछि उनले गाईको दूध दुहेको आँखैले देखेको बेहोरालाई पनि 'तामेलले मेरा आँखामा छारो नै हालेछ' भन्ने शब्द जोडेर आफ्नो कुरा टुङ्ग्याएका थिए ।

कालु ! पुन्डलुममा एक पावा गाईको दूधमा चार पावा पानी र पीठो हालेर गाईको दूधको उत्पादन गर्दै बेच्ने चलन रहेछ । त्यस प्रकारको दूध यस्तै सुमितजस्ता विद्यार्थीहरूलाई भिडाउने गरिँदो रहेछ । पेसागत रूपमा आबद्ध धेरैजसो अटोड्राइभर त यहाँ छोटा नै छन्, पानी र दूध बेच्नेहरू पनि त्यस्तै फटाहा हुँदा रहेछन् । हामीलाई सिलवाला खानेपानी बेच्ने परशुराम पनि त्यत्तिकै फटाहा थियो । नक्कली सिल हालेर ऊ लोकल पानी बेच्तै हिँड्दो रहेछ । हुन त नेपालमा पनि यीभन्दा चोट्टा मान्छेहरू पनि छन् । त्यहाँ पनि कालोलाई सेतो र सेतोलाई कालो पारेर बेच्ने मान्छेहरू पनि छन् । भारतको दक्षिणी भेग अत्यन्तै राम्रो छ भनिन्थ्यो तर यहाँ पनि मान्छेहरूले धर्म छाडिसकेछन् । यसै परिप्रेक्ष्यमा कञ्चनजङ्घा बोलेको थियो– 'विहार र उत्तरप्रदेशका मान्छेहरूको सङ्गतले गर्दा चेन्नाईका धेरैजसो मान्छेहरू प्रभावित भएका छन् ।'

•

कालु ! म के लेख्न बसेको थिएँ, के लेख्न पुगेछु । अहिले घामले पनि रूख छुन आँटेको छ । ठूलो खाले सुन्तलाजस्तै भएर घाम आकाशको फेदमा टपक्क बसेको छ । घामको तलतिरको आधा भागमा राम्रो खाले बादलले हलुका रूपमा छोएको छ । वास्तवमा त्यो घाम म एकनासले हेर्दै अक्षर लेखिरहेको छु । कस्तो राम्रो दृश्य छ भने घामदेखि वरिपरि चाहिँ बादलैबादल रहेको छ । अब त्यो घाम पनि बादलबाट सर्लक्कै तल गइरहेको छ । हेर्दाहेर्दै त्यो घामको चमक बादलमा मात्र केन्द्रित भएको छ तर त्यहीं माथि गइरहेको जेट विमानचाहिँ घामले टलक्कै टल्केको म देखिरहेको छु । अहिलेको यहाँको दृश्यले मलाई मुग्ध पारेको छ । कालु ! अब जेट विमान पनि हरायो र बादलबाट बाहिर निस्केर घाम फेरि झनै रातो भएर टुप्लुक्कै देखा परेको छ ।

फेरि अर्को जेट विमान घाममाथि टल्किरहेको म देखिरहेको छु । अहिले आकाशमा घामचाहिँ पाँच प्रतिशत मात्र देखिएको छ । अब आज घाम फेरि देखिँदैन । हुन त डुब्न लागेको घाम नहेर्नु भन्छन् तर हेर्दाहेर्दै म त हेरिरहन नै पुगेछु ।

यतिखेर मेरा आँखा म बसेको डेरावरिपरिको दृश्यावलोकनका लागि नै सलबलाइ रहेका छन् । म बसेको घरको वरिपरि हरियालीले छाएको छ । यस ठाउँमा बस्ती पातलो देखिन्छ । यतिखेर यस ठाउँमा हावाको गति जारी छ । वरिपरिका बोटबिरुवाका बुटाहरूमा गाईहरू चरिरहेका छन् र बाखाहरू पनि घाँस खाइरहेका छन् । यहाँका गाईबस्तुहरूको गोठालोचाहिँ मैले देखेको छैन । गाईभैंसीचाहिँ प्रशस्तै देख्ने गरेको छु । अहिले साँझको ५.४५ पनि बजिसक्यो ।

•

आज मैले देखेको सपनाको केही अर्थ लाग्छ ? खोइ के हो के हो, नेपालको कुरा पनि कहिले के मिल्दैन र कहिले के मिल्दैन । सबै

आआफ्नै राग अलाप्न नै व्यस्त छन् तर हामीजस्ता मान्छेचाहिँ जताबाट पनि मारमा नै हुन्छौँ । के गर्ने नेपालको भाग्य नै यस्तै हो । राजा महेन्द्र स्वर्गीय भएपछि नेपालको होसहवास नै हराएको छ । राजा वीरेन्द्र मौखिक विकासवादी भएका कारण भित्रभित्रै जनविद्रोहले पनि साथ पाएको हो । महेन्द्रको त्याग र तपस्याबाट विश्वमा नै सम्मानित नेपाललाई फेरि कसरी बिउँझाउने हो र कतिन्जेलसम्ममा देश बिउँझिने हो, हेरौँ !

आज पनि नानाभाँती लेखेर नै तिमीलाई अलमल्याएँ । अब चाहिँ बिदा हुन्छु । सि यु !

तिमीलाई माया गर्ने
तिम्रो नरेन्द्र

# ६

**पुन्डलुम, पोरुर, चेन्नाई**

**२५ डिसेम्बर २००४**

प्यारी इन्दिरा !

मैले ठूला मान्छेले लेखेका धेरै चिठी पढेको छु । तीमध्ये श्री ५ त्रिभुवनले सरदार कृष्णप्रसाद पोखरेललाई लेखेको चिठी मलाई साह्रै मन पऱ्यो । हुन त मैले नै पनि रानी ऐश्वर्यका दुईओटा निजी चिठी पाएको थिएँ । मौसूफबाट २०४३ साल साउन १ गते र माघ ५ गते मलाई आफ्नै हस्ताक्षरका साहित्यिक पत्र लेखेकी थिइन् । त्यति बेला ती पत्रले साहित्यिक फाँटमा नयाँ सञ्चारको चेतना फैलेको पनि थियो । विविध परिवेश र विभिन्न व्यक्तित्वलाई लेखिएका चिठीको प्रसङ्गमा भन्ने हो भने विश्वेश्वरप्रसाद कोइराला, केशरशमशेर जबरा, भूपालमानसिंह कार्की, लैनसिंह बाङ्देल, खड्गमान सिंह, खनुप्रुदे रामबाबू, सीके प्रसाई, अरुणा लामालगायत अरूअरू थुप्रै साहित्यिक व्यक्तित्वहरूका धेरै चिठी मैले पढेको छु । तीमध्ये नारायणमान बिजुक्छे 'रोहित'द्वारा जेलबाट आफ्नी पत्नी शोभालाई लेखिएका चिठीहरू आज मैले पढेर सकेँ ।

हाम्रो देशका चिठीपत्रको प्रसङ्गमा कुरा गर्ने हो भने अहिले टेलिफोन र इमलेको विकसित रूपले गर्दा एकातिर छिटो र छरितो समाचार सम्प्रेषण त हुन सकेको छ तर पत्रसाहित्यचाहिँ स्वाहा नै

हुँदै जाँदो छ । वास्तवमा कुनै बेला पत्रसंस्कृति कति प्रिय थियो ? तर अब आज पत्रसाहित्यको अनिकाल नै लाग्ने अवस्था छ । फेरि हाम्रो देशमा पहिलेको जस्तो अहिले हुलाकको पनि राम्रो व्यवस्था छैन । तीसको दशकको आरम्भदेखि हुलाकसेवा विश्वसनीयताको मापदण्डबाट क्रमश: ओर्लेको छ । हिजोआज त हुलाकको कसैले विश्वासै गर्दैनन् । पहिलेपहिले हुलाकटिकट जति बिक्थे, शिक्षित र र जनसङ्ख्याको आधारमा भन्ने हो भने आज त्यसको दोब्बर, तेब्बर र चौबर टिकट बिक्नुपर्ने हो; तर मलाई लाग्छ– हिजोआज अड्डाहरूमा बाहेक त्यस अनुपातमा पचास प्रतिशत हुलाकटिकटमा आँच आएको छ । यसको प्रमुख कारण मैले माथि नै भनें– एउटा टेलिफोन र इमेलको विकास, अनि अर्को हुलाकसेवाप्रति जनताको अविश्वासका कारण यस्तो अवस्था आइपरेको हो ।

इन्दिरा ! चिठीपत्रकै सन्दर्भमा अझै कुरा गर्ने हो भने २०४६ सालमा नक्खुजेलमा बसेको बेला नारायणमान बिजुक्छे 'रोहित'ले पनि आफ्नी पत्नी शोभालाई चिठी लेखेका रहेछन् । उनले ती चिठीका फोटोकपी पढ्न मलाई दुई वर्षअघि नै दिएका थिए तर काठमाडौँमा बसुन्जेल मैले ती चिठी पढ्न भ्याएको थिइनँ । तिमीलाई मेरो बानी थाहा छ नि ! गम्भीर विषय पढ्न मलाई एकान्त ठाउँ चाहिन्छ । वास्तवमा त्यस अवधिमा मलाई कहिल्यै फुर्सद पनि भएन । साँच्चै हामी यसबीचमा कति परिश्रम पनि गर्थ्यौं, होइन ? बिहान ६ बजेदेखि राति बाह्र बजेसम्म हामी आआफ्नै काम त गर्थ्यौं नि ! हुन पनि हो त्यसबीच हामीले आफ्ना साहित्यिक संस्थालाई गतिशीलता पनि दिइरह्यौं । त्यसैताका हामीले त्रिमूर्ति निकेतन पनि बनायौं र त्यस अवधिमै तिमीले र मैले केही कृतिहरू पनि प्रकाशनमा ल्यायौं । मान्छेहरू हाम्रो खोजीनीति गर्छन्, चियोचर्चा गर्छन् र रिसइबी पनि गर्छन् तर हामी भने कति मानसिक र शारीरिक परिश्रम गर्थ्यौं भन त ! त्यसबीच हामीले

लोग्नेस्वास्नीबीचको शारीरिक सम्बन्धलाई पनि झन्डैझन्डै निष्क्रिय जस्तो नै गर्‍यौँ । वास्तवमा समयको अभावमा लोग्ने र स्वास्नीबीचको शारीरिक सम्बन्धले पनि महत्त्व राख्दो रहेनछ । हामी बिहान ६ बजे उठ्न राति जतिसक्तो चाँडो निदाउनैको ध्याउन्नमा हुन्थ्यौँ । त्यसैले प्रस्ट रूपमा हामी एकअर्काका सुक्खदुक्ख र खुसीहरू पनि पोख्ने समय पाउँदैनथ्यौँ । त्यस्तै हतारोहतारोको जीवनवृत्तिलाई चटक्कै छाडेर म अप्रत्याशित रूपमा यता आइहालेँ । अनि मैले नारायण दाइले दिएका चिठीहरूका ती फाइल पनि मसँगै लिएर आएको थिएँ ।

इन्दिरा ! नारायणमान बिजुक्छे 'रोहित'द्वारा आफ्नी पत्नीलाई लेखिएका यी चिठीहरू लोग्ने र स्वास्नीको मायाप्रेम सम्बन्धका मात्र होइनन् । यी चिठीहरू राष्ट्र, जनता र राजनीतिमा प्राय: बाटिएका रहेछन् । यी चिठी हेरेपछि रोहित दाइलाई मैले झनै धेरै चिन्ने मौका पाएँ । तिमीलाई थाहै छ, मैले रोहितको जीवनी पनि लेखिसकेको छु नि ! अब काठमाडौँमा आएर त्यस किताबको पुन: सम्पादन गर्नुपरेको छ किनभने जेलबाट उनकी पत्नीलाई लेखिएका यी चिठीहरूका केही कुराहरू त्यस किताबमा हाल्दा सुनमा सुगन्ध हुन्छ जैँ मलाई लागेको छ । यी चिठीहरू जेलबाट लेखिएका जस्ता पनि छैनन्; तर लेख्न त जेलबाटै लेखिएका हुन् । यी चिठीहरू प्राय: साहित्यिक छन् । यी चिठीहरू पढेपछि मलाई लाग्यो– रोहित दाइ राजनीतिमा नलागेका भए साहित्यमा नै स्थापित हुन्थे । त्यसो त उनलाई हामी राम्रो साहित्यकार पनि मान्छौँ । रोहितको साहित्यिक र राजनीतिक जीवनमा घोत्लिइरहँदा आज मलाई तिमीले मबारे गरेका कुराको सम्झना पनि आइरहेको छ । म पनि साहित्यमा नलागेको भए सायद राजनीतिमा सक्रिय भएर लाग्थेँ कि !

आज मलाई दिन बिताउन अत्यन्तै गाह्रो परिरहेको छ । त्यस हिसाबमा रोहित दाइले लेखेको चिठीले मलाई समय कटाउन राहत

दिएको मैले महसुस गरें । 'निर्दोषहरू पनि कैदी हुन्छन्' –यी शब्दले म धेरै भावुक भएँ । मान्छेहरू बिनादोष नै बीसौँ वर्ष जेल बस्छन् । त्यो कैदी जीवन कस्तो वितृष्णाको हुँदो हो । बिजुक्छे दाइको चिठी पढेर पिँजडाको त्यस जीवनसँग मैले यो खुला सिमानाको जीवनलाई दाजें र आफूलाई केही हलुको सम्झें ।

•

इन्दिरा ! नारायणमान बिजुक्छे 'रोहित' दाइलाई भारतीय चलचित्रकी अभिनेत्री सबाना आजमी मन पर्दो रहेछ । मैले पनि धेरै वर्षअघि सबाना आजमीको 'फकिरा' हेरेको थिएँ । रोहित दाइद्वारा सबाना आजमीको वर्णन गरिएको चिठी आज पढ्दा म एक्कासि तीन दशकअघि पुगें । त्यति बेला म जुन उमेरको थिएँ त्यही उमेर आज ममा फेरि फर्केजस्तो लाग्यो । हुन त तिमीसँग सामीप्यमा रहँदा मैले आफूलाई सधैं जवान भएको महसुस गरेको छु । कञ्चनजङ्घा पनि बराबर भनिरहन्छ– 'बुबाको मामुसँग विचार मिल्छ, खानपान मिल्छ र भावना पनि मिल्छ ।' वास्तवमा लोग्नेस्वास्नीमाऊ ती कुरा मिलेपछि नै मान्छे सधैं जोसिलो हुने गर्दो रहेछ ।

नारायणमान बिजुक्छे 'रोहित'को चिठी लेख्ने तरिका मलाई राम्रो लाग्यो । उनको लेखाइ पढिरहूँ लाग्ने खालको छ । रोहित पनि स्वास्नीमानिससँग भुतुक्कै हुँदा रहेछ । आफूभन्दा ठूलीलाई दिदी, सानीलाई बहिनी, बूढीलाई आमा र आफूजत्रीलाई के भन्ने ? त्यसमा उनी केही बेर अड्कँदा रहेछन । उनले आफ्नी पत्नीलाई लेखेको चिठीमा पढिएका यस्ता भावहरूले रोहित दाइ मलाई खुला मनका लखपति लाग्यो ।

मैले रोहितको जीवनीको किताब निकालेपछि समाज अझै खुलदुलीमा रहला । किनभने उनी कम्युनिस्ट परे र म भूतपूर्व कम्युनिस्ट परें । म अहिले कम्युनिस्टलाई दिवा सपनामा हुर्केका

ठान्छु । रोहित कम्युनिज्मलाई जनहितको राजमार्ग ठान्छन् । यति हुँदाहुँदै पनि मैले रोहितलाई मानेर उनको जीवनी लेखेँ । त्यो मैले किन लेखेँ; त्यो किताबको भूमिकामा नै मैले प्रस्ट पारेको छु । रोहित भन्नु जातीयता, राजनीतिक धरातल, सांस्कृतिक महत्त्व र विचारका बिम्ब हुन् । त्यसैले पनि होला उनीद्वारा लिखित यी चिठीहरूमा यिनै कुराहरू घरीघरी उभिएका रहेछन् ।

नारायणमान बिजुक्छे 'रोहित'लाई भारतकी धीराले गलाएर बुहारीञ्चार बनाइदिएकी रहिछन् । हुन त धीराचाहिँ रोहित दाइभन्दा दुई वर्ष जेठी नै रहिछन्, तैपनि यी दुई जनाको भावना टमक्कै मिल्दो रहेछ । यी दुई युवा र युवतीको भेट चीनमा भएको रहेछ । बङ्गाली भएकी हुँदा धीराले आफ्नो भाषा, संस्कृति, राजनीति, शिक्षा, व्यवसाय आदिका अतिरिक्त बङ्गाली खानपिन र बसउठलगायत हरेक दफादफामा समेत रोहितलाई कज्याएकी रहिछन् । रोहितले बङ्गालीको हरेक कुराको तारिफ गरेर आफ्नी पत्नीलाई लेखेको चिठी मैले पढेँ । पत्नीका आँखामा सधैँ इमानदार, ताजा र एक नारी ब्रह्मचारी रहन खोज्दा रोहितले धीरालाई प्रेमिका भन्न नसकेका होलान् । त्यस बेहोराको चिठी पढिसकेपछि मैले यस्तै ठहर गरेँ । उनी र धीराको भेट हुँदा दुवै रुन्थे र छुट्ता पनि रुने गर्थे भने त्यस स्थितिमा एउटा कुमार केटाको अगाडि एउटी कन्या केटीको अथवा एउटी अविवाहित स्त्रीको अगाडि एउटा अविवाहित पुरुषको भावना कस्तो रहन्छ ? त्यति मात्र होइन, रोहित दाइले धीराका रौँरौँ, नसानसा र मनोमस्तिष्कमा थकाइ मारेको बेहोरा त्यो चिठी पढिसकेपछि मैले अनुमान लगाएँ । वास्तवमा रोहित दाइचाहिँ मलाई नपत्याउँदा प्रकृतिप्रेमी, रोमान्टिक र रसिला राजनीतिज्ञ र साहित्यकार हुन् जस्तो पनि लाग्यो ।

कालु ! रोहितले धीरालाई आफन्त बनाएको घटनासँगसँगै म फेरि तिमीसँगको पूर्वस्मृतिमा फर्केँ । चाँदनी शाहको 'एउटा

मान्छेको मायाले कति फरक पर्दछ जिन्दगीमा' यथार्थपरक लाग्यो । तिम्रो मायाको अँगालोमा बाँधिएर म पनि तिम्रा आदर्श कुराहरूमा सहभागी बन्न पुगिनँ र ! मान्छेहरूले हामीलाई चाहे राम्रो ठानून् चाहे नराम्रो मानून्; तिम्रो र मेरो प्रेमका प्रतीकका रूपमा आज हाम्रा छोराछोरीहरूका लागिसमेत नै पनि हामीले दाम्पत्य जीवन कसेका रहेछौँ । जीवनका भोगाइको परिकल्पना ईश्वरले पहिले नै गर्दा रहेछन् क्यारे; त्यसैले हामी यो अनौठो दाम्पत्य जीवनमा पाइला चलाइरहेका छौँ ।

प्यारी ! प्रेम मान्छेमा मात्रै हुँदैन । सबै जीवजन्तु प्रेममा नै बाँचेका हुन्छन् । हामी त हाम्रो प्रेममा मात्र गौरव मान्दैनौँ, हाम्रो कर्तव्यप्रति पनि गौरवानुभूति गर्दछौँ । कर्तव्यकै टेकोमा उभिएर अहिले म कञ्चनजङ्घाको पढाइलाई टेवा दिन चेन्नाई आइपुगेको हुँ । हुन त पढाइको सन्दर्भमा ऊ अल्फा आर्टस् एन्ड साइन्स कलेजमा राम्रो विद्यार्थीमा गनिन्छ तर हाम्रै न्यास्रोले ऊ बराबर काठमाडौँ पुगिरहन्छ । त्यसैले यस वर्ष परीक्षा दिनुअघि ऊ यताबाट नचटपटाओस् भनेर नै म ऊसँग दुईचार दिन बस्न यता आएको हुँ । तिमीसँग छुटेर यहाँ आउँदा मैले कर्तव्यलाई नै प्राथमिकता दिएको हुँ । छोराछोरीप्रति बाबुआमाको कर्तव्य अत्यन्तै सूक्ष्म पनि हुन्छ भन्ने कुरा रोहित दाइले भाउजूलाई लेखेको चिठीले पनि झल्काउँछ । रोहित दाइका दुईओटा कोपिला सुयोग र विवेकको भविष्यनिर्माणबारे रोहित दाइले शोभा भाउजूलाई जेलबाट पनि बेलामौकामा खिप्ने नै गर्दा रहेछन् ।

•

इन्दिरा ! म खुला किताबझैँ हिँडेको एउटा यात्री हुँ । त्यही कारणले पनि कतिकति तारानाथ शर्माहरूलाई पनि मैले बोकेर नै हिडेँ । अनि २०४६ सालपछि उनीसँग मेरो साँच्चै इगो पनि

पलायो तर त्यस इगोले गर्दा म बढी संवेदनशील भएँ । अनि मेरो इगो पनि व्यक्तिगत थिएन । मेरो त्यो इगो जानीनजानी राष्ट्रियतासँगै गाँसिएको थियो । कुरा के हो भने २०४६ सालअघि तारा दाइ र मेरो एउटै सैद्धान्तिक अडान थियो । त्यति बेला हामी दुवै पञ्चायती व्यवस्थाका कट्टर अनुयायी थियौँ । तारानाथ दाइले त 'श्री ५ र पञ्चायत' अनि 'श्री ५ बडामहारानी र समाजिक सेवा' नाउँका दुई वटा ग्रन्थ पनि लेखेका थिए । साथै उनैले 'महेन्द्र माला' पनि सम्पादन गरेका थिए । उनका पारामा लागेर मैले पनि रानी ऐश्वर्यलाई 'राष्ट्रमाता' भन्ने र लेख्ने पनि गर्थें तर देशमा बहुदलीय प्रणाली आएपछि एकाएक उनीसँग मेरो राजनीतिक कटाक्ष भएको थियो । त्यति मात्र होइन, बहुदलीय व्यवस्था आएपछि तारा दाइले रानी ऐश्वर्यलाई समेत अश्लील शब्दका आडमा बेस्सरी गाली गरेर पत्रपत्रिकामा अन्तर्वार्ता पनि दिएका थिए । उनले रानीलाई छाडा वेश्यासँगै तुलना गरेर पनि सरस्वती सदनमा भाषण गर्न भ्याएका थिए । अनि उनीउपर रानीको दोषचाहिँ के थियो भने मेरै सिफारिसमा रानीले तारानाथ दाइका दुई भाइ छोरा अनल र शलीललाई साँगाको दीपेन्द्र प्रहरी माध्यामिक विद्यालयमा राखेर आफ्नै खर्चमा पढाइदिएकी थिइन् । साथै शर्मालाई घर बनाउने पैसासमेत रानीले नै दिएकी थिइन् । वास्तवमा शर्माले रानीलाई खेद्न थालेपछिको परिवेशका कारण हामी एकअर्काबाट अलग्गिएका थियौँ । त्यति मात्र होइन २०४६ सालको राजनीतिक परिवर्तनपछि उनी मेरा विषयमा पनि चाहिने नचाहिने नारा दिँदै हिँड्न थालेका थिए । उनी कतिसम्म तल झरेका थिए भने– उनले 'नेपाली साहित्यको इतिहास' लेख्ता विविध विधामा मेरो उच्चस्तरीय वर्णन गरेको पाण्डुलिपि मैले नै पढेको थिएँ तर त्यो किताब बहुदलीय व्यवस्था आएपछि मात्र छापियो । त्यसैले उनले नरेन्द्रराज प्रसाईको 'न' समेत पनि त्यस किताबबाट हटाएका थिए ।

इन्दिरा ! आजको यो मेरो गन्थन तिमीलाई झन्झटिलो लाग्यो होला । वास्तवमा आज मेरो मनको रापले मलाई फेरि अनाहकै पोल्यो । अनि म तीता कुराहरू पनि ओकल्न पुगें । अब आज म मौन बस्छु ल ! अहिले छुटूँ है त ?

तिमीलाई माया गर्ने
तिम्रो नरेन्द्र

# सात

**पुन्डलुम, पोरुर, चेन्नाई**
**२७ डिसेम्बर २००४**

प्यारी इन्दिरा !

आज मैले काठमाडौँ छाडेको पनि १४ दिन भएछ । म पर्सि नै चेन्नाई छाड्दै छु । कतिखेर तिमीलाई भेट्नु र अँगालो मार्नु जस्तै मलाई भएको छ । यस्तै कल्पनामा पिङ खेल्दाखेल्दै चेन्नाईको दुर्दशा पनि मैले देख्नुपर्‍यो र यसबारे तिमीलाई पनि मेरा मनमा उर्लेका केही कुरा लेख्दै छु ।

हिजो बिहान चेन्नाईमा साह्रै ठूलो दुर्घटना भयो । यस दुर्घटनामा भारतको चेन्नाईको मात्र के कुरा इन्डोनेसिया, श्रीलङ्का, मलेसिया, थाइल्यान्ड, म्यानमार र माल्दिभ्समा नै इतिहासको सबैभन्दा ठूलो सामुद्रिक भूकम्प गयो र चेन्नाईको दृश्यचाहिँ आँखाले नै देखिएकाले आज दिनभरि मेरो मन रोइरहेको छ । यो कस्तो ठूलो प्रलय भयो ! कति मान्छे मरे ! कस्तो बिजोक भयो ! तीस फुट माथिसम्म त पानीको छाल हिँडचो रे; केके सुन्नुपर्‍यो ! जीवनमा बाँच्तै जाँदा केके र कस्तोकस्तो सुनामीको लहर देख्नुपर्दो रहेछ ।

भारतका पूर्वप्रधानमन्त्री नरसिंह रावको गत २३ तारिखमा निधन भयो । भारतको इतिहासमा जवाहरलाल नेहरू र लालबहादुर शास्त्रीलाई जसरी मानिँदो रहेछ त्यसरी नै नरसिंह रावलाई पनि

सम्मान गरिएको मैले पाएँ । वास्तवमा आर्थिक रूपले भास्सिएको भारतलाई काँध थापेर उनैले उकासेका रहेछन् । अहिलेका प्रधानमन्त्री डा.मनमोहन सिंहलाई नरसिंह रावले नै आफू प्रधानमन्त्री हुँदा अर्थमन्त्री बनाएका थिए । साँच्चै हो रहेछ राव खुबै राष्ट्रवादी नेता थिए । त्यति मात्र होइन उनी विद्वान् पनि थिए; उनी नौ भाषा खररर पढ्न र लेख्न सक्थे । साथै उनी साहित्यकारका रूपमा पनि अमर छन् । भारतका त्यति महान् व्यक्तित्वको स्वर्गारोहणको घटनाले गर्दा हाम्रा राजाको २४ तारिखदेखिको भारत भ्रमण पनि रद्द हुन गएको समाचार मैले पढें । भारत शोकमा डुबिरहेको बेला अर्को विपत्तिले भारतलाई दु:खित पारेको घटनाको म चेन्नाईमा नै साक्षी भएर अहिले उभिएको छु ।

नेपालका राजनेता हुँ भन्नेहरूको चाहिँ प्रसङ्ग कोट्टचाउने हो भने हाँसो लाग्छ । नेपालको सन्दर्भमा अहिलेसम्म सर्वमान्य रूपमा त्यस्तो कुनै पनि एउटा व्यक्ति जनप्रेमी भएर उभिन सकेको नै देखिएन । त्यति मात्र होइन काङ्ग्रेसले मानेको मान्छे अरू दलले विरोध गर्ने, कम्युनिस्टले उचालेको नेतालाई अरूले थेचार्ने र राप्रपाका नेतालाई सकिन्जेल हुटिङ गर्ने नेपालको बहुदलीय संस्कृति भइसकेको छ । त्यसैले नेपालको राजनीतिक अवस्थाप्रति मेरो वितृष्णा बढेको हो । अब हाम्रो मुलुकमा राजाबाट नै केही कदम चालियो भने नेपालको भविष्यप्रति केही आस्था गर्ने ठाउँ छ, नत्र नेपालको अस्तित्वको विषयमा हामीले गम काटे हुन्छ ।

इन्दिरा ! म भारतको पृष्ठभूमिमा डुबिरहेको बेला फेरि आफ्नै मातृभूमिको मायामा लहसिन पुगेछु । हुन पनि नेपालको वर्तमान अवस्था अत्यन्त सोचनीय देखिन्छ । त्यसैले म जहाँ भए तापनि घरीघरी मेरो मन त्यहीँ आइरहने गर्छ । अहिलेको हकमा चाहिँ अब तिम्रा आँखालाई म फेरि भारतमा नै ल्याउने प्रयास गर्छु, ल !

•

इन्दिरा ! मैले समुद्रमा भूकम्प जाने विषय अथवा सुनामीको बेहोरा पढेकै रहेनछु र त्यो कुरा सुनेकै पनि थिइनँ । एक्कै चोटि

त्यस घटनामार्फत चेन्नाई हल्लेको खबरले म पनि आत्तिएँ । आज तिमी काठमाडौँबाट घरीघरी फोन गरेर हामी बाँचेकोबारे आशावादी भएकी थियौँ । तिम्रो आत्तिएको स्वरलाई सायद मैले पनि धैर्यपूर्वक समाधान गर्न सकेँ हुँला । हो, इन्दिरा ! आजको चेन्नाई बिहानदेखि नै हाहाकारमा उम्लिरहेको थियो । यहाँका हरेक मान्छेको निधारमा बादल लागेको देखिन्छ । यहाँको स्थिति भयङ्कर डरलाग्दो, दु:खलाग्दो र पीडादायी छ ।

•

कुनै दिन तिमी, कञ्चनजङ्घा, तान्तु र म मेरिनाबिच गएका थियौँ । त्यहाँ पुगेर हामीले समुद्रसँग अँगालो हालाहाल गरेका थियौँ । मेरो पाइन्टको गोजीभरि पसेको समुद्रको बालुवा तिमी र म पालैपालो गरी निकाल्ने गर्थ्यौं, अनि फेरि समुद्रको छाल हुत्त आएर गोजीभरि बालुवा भर्ने गर्थ्यो । त्यति बेलाको त्यो दृश्य कति मनोमोहक थियो ! त्यति बेला अनुकृतिका र कञ्चनजङघा कसरी पाखुरा समातासमात गरेर समुद्रसँग जिस्कन्थे ! त्यस क्षण तिमी र म खुसीले रुन्थ्यौँ । हाम्रो हर्षका आँसुले त्यस बेला मेरिनाबिचलाई साङ्गी लगाएको थियो तर त्यही मनोरम ठाउँबाट हिजो कैयौँ मान्छे स्वर्ग गए । त्यो पवित्र भूमि चिहानभूमि भयो । त्यस ठाउँमा फर्केर हेर्नै नसकिने दृश्य आज स्थापित भयो । त्यो सुन्दर ठाउँ एउटा कोलाहलपूर्ण स्मसानमा रूपान्तरित भयो । आजको त्यस दृश्यले म रोएँ; मेरो छाती नै पट्टै फुटचो; प्रिय कालु !

सुनामीले गर्दा त्यहाँ कति मरे थाहा छैन । मलाई लाग्छ धेरै मरे । हिन्दमहासागरको सो भूकम्पमा एसियामा मात्रै अहिलेसम्म एक लाख पच्चिस हजारभन्दा बढी मान्छे मरिसके । त्यहाँको त्यो लाखौँको क्षतिमध्ये एउटा दृश्यले मेरो मन झनै व्याकुल भइरह्यो । कुरा के भने ‘दुई जना नानीहरूका लास एकै ठाउँमा थिए । तिनीहरू करिब नौदस वर्षका हुनुपर्छ । दुवै जनालाई वरिपरि बालुवाले घेरेर

पानीको फोर्सले उत्तानो पारेको रहेछ तर उनीहरूको शरीरमाथि कपडा मात्र थियो; बालुवा थिएन । ती दिवङ्गत नानीहरूको छेउमा घुँडा टेकेर दुई हातले बालुवा मुठी पार्दै ती नानीहरूका बाबु भक्कानिएर रोइरहेका थिए । टेलिभिजनको त्यो दृश्य हेरेर मैले मन थाम्नै सकिनँ । म पनि त्यो दृश्य हेरेर एकछिन बहुलाजस्तै भएँ ।

मेरिनाबिचमा त्यस खाले दृश्यहरू कति देखिए, कति देखिए ! खास गरेर यस मूलमा नानीहरूचाहिँ थुप्रै मरेका रहेछन् । त्यहाँ कति लोग्ने मरे, कति स्वास्नी मरे, कति आमा मरे र कति बुबा मरे ! त्यति मात्र होइन त्यहाँ बिहान प्रेम गर्न गएका प्रेमी र प्रेमिकालाई पनि मेरिनाले मुखभरि बलौटे पानी खुवाउँदै बगायो; ध्यान गर्ने ध्यानीलाई पनि मेरिनाले बालुवामुनि लुकायो र खेल्न गएका खेलाडीहरूलाई पनि मेरिनाले अँगालो मार्दै लग्यो । त्यहाँका छाल झन्डैझन्डै युनिभर्सिटी अफ मद्राससम्म आइपुगेको थियो । जयललिताले बनाएको आफ्ना दिवङ्गत मायालु एम.जी.रामचन्द्रन्को त्यति अग्लो स्तम्भ पनि मेरिनाले झन्डै डुबाएको रहेछ ।

•

रामचन्द्रन्को देहावसान भएको दिन २४ डिसेम्बर रहेछ । तीन दिनअघि त्यस ठाउँमै तामिलनाडुकी मुख्यमन्त्री जयललिताले आफ्ना स्वर्गीय प्रेमीको समाधिमा सत्रौँ पुण्यतिथि मनाएकी रहिछन् । त्यस दिनको जयललिताको मुहार मैले टेलिभिजनको समाचारमा देख्ने मौका पाएको थिएँ । आफ्ना प्रेमीप्रति उनको शरीर धेरै समर्पित देखिन्थ्यो । उनका आँखा एम.जी.आर.प्रति लोलाएका देखिन्थे ।

प्रेमको मूल्य के हो भन्ने बुझ्न चेन्नाई नै आउनुपर्छ । जयललिता एम.जी.आर.लाई कस्तो प्रेम गर्दी रहिछन् ! प्रेम पनि ठाउँविशेषमा त्यसैको परिवेशमा परिभाषित हुँदो रहेछ । उदाहरणका लागि भन्ने हो भने एम.जी.आर. र जयललिताबीचको सम्बन्धलाई तिमी अश्लील भन्छचौ वा प्रेमबाजी भन्छचौ ? नेपालका सन्दर्भमा भन्ने हो भने

अधिकांश मान्छेहरू यस विषयलाई प्रेमबाजीमा समाविष्ट गर्ने विषय बनाउँदैनन् । हाम्रा मान्छेहरू अर्कालाई होच्याउन, बदनाम गर्न र हियाउन मान्छेमान्छेको प्रेममा पनि पत्रिकाबाजी गर्ने गर्छन् तर यहाँ त प्रेम भनेको प्रेम नै हो भन्ने यी प्रेमी र प्रेमिकाले सारा भारतमा प्रेमको परिभाषा दिएको मैले थाहा पाएँ ।

इन्दिरा ! हुन पनि हो, एम.जी.आर. नभएका भए जयललिता पनि हुन्नथिन् भन्ने कुरा मैले कञ्चनजङ्घाको साथी सर्वाननबाट थाहा पाएँ । सर्वानन जयललिताका भक्त रहेछन् । यसै प्रसङ्गमा सर्वाननले मलाई भने– 'एम.जी.आर. तामिल चलचित्रका नायक र जयललिता नायिका थिइन् । उनीहरू प्राय: एकअर्काकै नायकनायिका भएर चलचित्रमा अभिनय गर्थे । एम.जी.आर.जब तामिलनाडुका मुख्य मन्त्री भए जयललिताले पनि चलचित्रमा खेल्न छाडिन् र उनी मुख्य मन्त्रीको सल्लाहकार, निजी सचिव वा सहयोगी भइन् । एम.जी.आर.को निधनमा चाहिँ एम.जी.आर.की बहालवाला पत्नी जानकीले गर्दा जयललिताले धैर्यलाई आफ्नो साथी बनाइन् रे !' ल भन त कालु ! जयललिताको एम.जी.आर.प्रति कस्तो माया थियो ? साँच्चै हो, उनी रामचन्द्रन्लाई पृथ्वी नै मान्थिन् । अहिले पनि उनले ठाउँठाउँमा रामचन्द्रन्का सालिक बनाएकी छन् । अहिले हामी बसेको डेराअगाडि पनि एम.जी.आर.को पूर्ण कदको सालिक छ । सालिकमुनि शिलालेख तामिल भाषामा लेखिएको छ र त्यस शिलालेखको मध्यभागमा जयललिताको रङ्गीन अनुहार कुँदेर नै बनाइएको छ । त्यति मात्र होइन, जहाँजहाँ जयललिताका ठूलाठूला पोस्टर टाँसिन्छन् त्यहाँत्यहाँ एम.जी.आर.का तस्बिर सँगसँगै रहेका हुँदा रहेछन् । यो चेन्नाई सहर जयललिता र एम.जी.आर.कै पोस्टरले पनि रङ्गिएको छ ।

तामिलनाडुका मान्छेहरू प्रेमी र प्रेमिकाहरूको खूबै पूजा गर्दा रहेछन् । यहाँका मान्छे निष्ठालाई मन पराउँदा रहेछन् । हाम्रो नेपालमा यस्तै घटना हुँदा अनेक कुरा काटिन्थ्यो । यसरी प्रेमी र प्रेमिकाका कुरा निस्कँदा ती जोडीले अनेक सामाजिक कष्ट भोग्नुपर्थ्यो ।

प्रेमले भरिएको यस ठाउँमै बसेर आज म तिमीलाई मायाको मसीले चिठी लेखिरहेको छु; प्रिय कालु !

जयललिताको सहर आज मृत सहर घोषित भएको छ । यहाँ डाँको नछोड्ने मान्छे कोही छैन । महाभूकम्प र सुनामी लहरले हजारौँ मान्छेका लास सडकसडकमा थाक लागेको टेलिभिजनमा देखिन्थे ! बीबीसीअनुसार ट्रकमा खापेर ट्रकका ट्रक मान्छेका लास ओसारिएका थिए । खास गरेर यो दुर्दशा इन्डोनेसियामा देखिएको थियो रे । त्यहाँका मान्छे घाइते भएर बाँच्नुभन्दा मर्नु नै बेस ठान्थे रे । त्यस्तो बिपना पनि सपनाजस्तै थियो ।

इन्दिरा ! समुद्री भूकम्पले कतिका घर भत्के, कतिका परिवार बगे र कतिका धनसम्पत्ति हराए तर जेजे भत्के पनि, बगे पनि र हराए पनि ती चीजहरू जोड्न पनि सकिन्छ । अनाहक मान्छेहरू मरे, हराए र सकिए । त्यस क्षतिको पूर्ति कसरी हुन्छ ? यो अपत्यारिलो कुराले मेरो मन र मस्तिष्क अझै राम्ररी टुङ्गोमा आउन सकेको छैन । अघिल्लो साँझदेखि राति ११ बजेसम्म छिमेकीका गाईहरू एकनासले ग्वाँग्वाँ गरेर कराइरहेका थिए । मलाई त्यो बेहोरा नै अचम्म लाग्यो र मैले कञ्चनजङ्घालाई भनेँ– 'के हुन आँटचो ?' तर भोलिपल्ट उठ्ता नउठ्तै नराम्रा कुराहरूले मेरा दुवै कान ढपक्कै भएका थिए ।

प्यारी इन्दिरा ! जीवनको के भरोसा हुँदो रहेछ त ? जस्तै सुरक्षित ठाउँमा पनि मान्छेले असुरक्षित हुनुपर्दो रहेछ । खास गरेर यसपालिको सामुद्रिक भूकम्पले मेरो मनमा पनि त्यस्तै भूकम्प ल्याइरहेको छ । आज वेदनामय रूपरेखासँग मैले आफैँले आफैँभित्र साक्षात्कार गरेको छु । त्यस्तो पवित्र, निर्मल र स्वच्छ ठाउँमा पनि आज मैले यमराजको मझेरी देखेँ । यस स्थितिले मलाई साह्रै दिक्क लागेको छ । समुद्रको तटमा लस्करै सुतेका लासहरूको दृश्य हेर्दा मेरो मन हावामा नै उडिरहेको छ । यस्ता दृश्यले मेरो मन टुक्रैटुक्रा भएको छ । मलाई अब यो मेरो मन फेरि कहिले जोडिएला

जस्तो लागिरहेको छ । हुन पनि संसारका विकसितभन्दा विकसित देशले पनि प्राकृतिक विध्वंसबाट प्रताडित हुनुपरेको छ । विकासको चरमचुलीमा पुगेका अमेरिका वा जापान पनि भूकम्प, बाढीपहिरोजस्ता प्राकृतिक विनाशको चपेटामा परेको समाचार हामी सुन्ने गर्छौं । हाम्रै देशमा पनि बाढीपहिरोमा बर्सेनि कत्तिको ज्यान जाने गर्छ । भूपरिवेष्ठित मुलुक भएकाले हाम्रो देशमा भने यस्तो समुद्री आँधीको डर छैन तर खास गरेर काठमाडौं उपत्याकाचाहिँ भूकम्पको अत्यधिक जोखिम भएको ठाउँ हो भन्ने विज्ञहरूको ठहर छ । अलच्छिनका कुरा सोच्नु हुँदैन भन्छन्; तर अव्यवस्थित बसोबास र भूकम्पप्रतिरोधक घरहरू खासै नभएको काठमाडौं उपत्यकामा ठूलो भुइँचालो गयो भने कस्तो महामारी होला भन्ने कल्पनाले मलाई बेलाबखत सताउने गर्छ ।

•

अब म काठमाडौं आउने तरखरमा छु । आएपछि फेरि हाम्रो दिल एकअर्कामा खापौँला । हाम्रो भेट त हुन्छ होला नि ! सांसारिक जीवन हेर्दा, बुझ्दा र गम्दा कहिलेकाहीँ त हाम्रो जीवन पनि झूटोझैं लाग्छ । म आज बिहानैदेखि तिमीलाई झनै सम्झिरहेको छु । हाम्रो भेट भएन भने के होला ! हेरौँ, कसरी मरिएला जस्तो पनि लाग्छ । वास्तवमा मलाई जीवनदेखि नै शङ्का लाग्छ । जीवनको के भरोसा हुन्छ र ! मानवजीवन भनेको कर्कलाको पातमाथि टल्केको पानी न हो ! त्यो पानीको थोप्लो कति सुन्दर हुन्छ ! तर त्यो कतिखेर पातबाट झर्छ कसले थाहा पाउँछ र ! पात हल्लनासाथ त्यो सुन्दर पानीको थोप्ला भुइँमा झरिहाल्छ । हाम्रो जीवन पनि त्यस्तै रहेछ तर यति हुँदाहुँदै पनि भगवान्ले हाम्रो मिलन गराउँछन् भन्ने विश्वासमा म पूर्णत: बाँधिएको छु; इन्दिरा !

तिमीलाई माया गर्ने
तिम्रो नरेन्द्र

# लेखक परिचय

## नरेन्द्रराज प्रसाई

**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)
**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)

**शिक्षा**
बीए– त्रिचन्द्र क्याम्पस

**कृति**
८६ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, लेखनसम्पादन);

**विभूषण**
- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

**पुरस्कार**
- जेसिस साहित्य स्वणर्पदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)
- दीपज्योति पुरस्कार (२०६७)

- देरुनीख पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (२०७१)
- भानुभक्त स्वणर्पदक (२०७१)
- भारती खरेल पुरस्कार (२०७३)

**बडापत्र**

- चाँदनी शाह (२०४३)
- चाँदनी शाह (२०४४)

**भ्रमण**

- १४ अञ्चलका ६१ जिल्ला
- भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका;

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि;

**संस्थापक तथा सदस्यसचिव**

- त्रिमूर्ति निकेतन (२०५९)
- भूपाल प्रज्ञापरिषद् (२०५२)
- नइ प्रकाशन (२०५२)
- वानीरा फाउन्डेसन (२०७६)

## कृति

### जीवनी

१. अठतीस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)
३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)
११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२४. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२५. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)
२६. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)
५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)
२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)

२. चाँदनी शाहका रचना (२०४३)

३. ज्ञानज्योति (२०४९)

४. अरुणा लामा : कथा र व्यथा (२०५०)

५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)

२. पौरखी पुरुष (२०५२)

३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)

४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)

५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)

६. भूपाल अर्चना (२०५५)

७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)

८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)

९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)

१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)

११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)

१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)

१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)

१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)

१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)

१६. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)

१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)

१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)

१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष  (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**अङ्ग्रेजी भाषा**

1. A biography of Parijat (Translation by Shampo Lama : 2003)
2. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
3. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)
4. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)
5. A biography of Devkota (Translation by Anukritika : 2017)
6. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
7. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
8. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi : 2021)
9. A biography of Century Person (Translation by Anu Raj Joshi : 2021)

**नेवारी भाषा**

१. वाङ्मय शताब्दी पुरुष (अनुवादक– अणुराज जोशी : २०७८)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)
२. उपकार त्रैमासिक (२०४३–२०४७)

३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)
४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सीडी (जीवनी)**

देवकोटाको जीवनशैली (२०६६)

**गीतलेखन**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)
२. यो मनले रोजेको छ (गीतिसीडी : २०५०)
३. हाँसीहाँसी जलिरहेँ (गीतिक्यासेट : २०५५)
४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)
५. शिखा (गीतिक्यासेट : २०५७)
६. जुनी (गीतिसीडी : २०५८)

**फुटकर**

७५० भन्दा धेरै फुटकर लेखरचना प्रकाशित

**नरेन्द्रराज प्रसाईबारे लेखिएका मुख्य कृति**

- प्रा.डा. वासुदेव त्रिपाठी

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)
२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- प्रा. राजेन्द्र सुवेदी

१. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- इन्दिरा प्रसाई

१. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

**• नरेन्द्रराज प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. गीता बारकोटी : नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतितत्वको अध्ययन (२०६५)
२. सन्तोष खरेल : नरेन्द्रराज प्रसाईका गीतिप्रवृत्ति (२०७८)